श्रोत : **बिज खबर,** २०७६/८/१५

# रसुवागढी जलविद्युत आयोजनाको निर्माणकार्य ७१ प्रतिशत पूरा, साञ्जेन अन्तिम चरणमा

रसुवा । रसुवा जिल्लामा निर्माण भइरहेका दुई जलविद्युत आयोजनाको काम तीब्र गतिमा अघि बढिरहेको छ । उत्तरी रसुवामा निर्माणाधीन रसुवागढी जलविद्युत् र साञ्जेन जलविद्युत् आयोजनाको निर्माणकार्य द्रुतरूपमा अगाडि बढेको हो । सन् २०२० को फेब्रुअरी भित्र १११ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ आयोजनाका कार्यरत ३० भन्दा बढी प्राविधिक अह्रोरात्र काममा खटिरहेका छन्। आयोजनाका प्रमुख छवि गैरेका अनुसार हालसम्म निर्माणको समग्र प्रगति ७१ प्रतिशत पूरा भएको छ। रसुवागढी मुनि बाँध बाँध्ने, पोखरीमा बालुवा थिग्ग्रयाउने (डिसेन्ड्री) र विद्युत्गृह निर्माणको काम धमाधम अगाडि बढेको हो। चार हजार १८५ मिटरको हेडरेस सुरूङ भने गत वर्ष निर्माण सम्पन्न भइसकेको थियो। चार वर्षको अवधिमा निर्माणकार्य सम्पन्न गरी राष्ट्रिय प्रसारणमा विद्युत् पठाउने लक्ष्यका साथ सन् २०१४ बाट निर्माण कार्य अगाडि बढेको सो आयोजनाका लागि चाहिने सामान ढुवानी गर्न राजमार्गहरूमा हुने पहिरा र भूकम्पको असरजस्ता कारणले निर्माणमा ढिलाइ हुँदै आएको थियो। निर्माण लागत रू १३ अर्ब ६१ करोड ४० लाख रहेको आयोजनाको सुरूङभित्र पानी पठाउन बाहिरी सतहको भोटेकोशीमा एउटा बाँध रहने र विद्युतगृह, बालुवा थिग्ग्रयाउने पोखरीसमेतका भूमिगत संरचना रहनेछ। सो आयोजनाबाट वार्षिक रू ६१ करोड ४० लाख युनिट विद्युत् उत्पादन हुने प्राविधिकहरूले बताएका छन्। टिमुरेको तातोपानी नजिक थुमन क्षेत्रको आधार इलाकामा रहने सो गृहमा तीन फ्रान्सिस नामको टरवाइन जडान गर्ने कामसमेत तीव्ररूपमा अगाडि बढेको छ। बाँध बाँधिएको स्थल भोटेकोशीदेखि प्रतिसेकेण्ड ८० घनमिटर विद्युत्गृहमा पुग्ने बताइएको छ। आयोजनाको निर्णाणस्थल कडाखाले पहाडभित्र रहेका कारण भोटेकोशीमा आउन सक्ने बाढी, भूक्षय, भूकम्प तथा चट्याङजस्तो कुनै पनि प्राकृतिक प्रकोपले असर नपार्ने प्राविधिकहरूले बताएका छन्। साञ्जेन जलविद्युत् आयोजना अन्तर्गत दुई चरणमा निर्माण भइरहेको विद्युत् संरचनामध्ये १४ दशमलव ८ मेगावाटको माथिल्लो जलविद्युत् आयोजनाको समग्र निर्माणकार्य ८५ पूरा भई विद्युत्गृहको निर्माणकार्य भइरहेको छ। एक हजार ३०० मिटर सुरूङमार्गको सहायताले सिम्बुगाउँमा पानी ल्याई चालू आर्थिक वर्षभित्र विद्युत् उत्पादन गरिसक्ने साञ्जेन जलविद्युत् आयोजनाका प्रमुख सुदनसिंह

महतले जानकारी दिए। कूल ४२ दशमलव ५ मेगावाट क्षमताको तल्लो साञ्जेन जलविद्युत् आयोजनाको निर्माणकार्य पनि धमाधम अघि बढेको छ। तीन हजार ६७१ मिटर हेड्रेरेस सुरूङमध्ये तीन हजार ३९२ मिटर निर्माण सम्पन्न भई ७३ प्रतिशत काम पूरा भएको साञ्जेन आयोजनाका आयोजना प्रमुख अर्पणबहादुर सिंहले बताए। निर्माणाधीन ४२.५ मेगावाट तल्लो साञ्जेन आयोजनाले अबको डेड वर्षभित्र उत्पादन दिइसक्ने अपेक्षा गरिएको छ। एउटै खोलाको पानीबाट सञ्चालन हुने यी दुवै आयोजनाका संरचना अर्धभूमिगत रूपको हुने बताइएको छ। निर्माणको किसिम भने पानी ल्याउने हेडरेस भूमिगत सुरूङ एवं विद्युत्गृह बाहिरी सतहमा हुने आयोजनाका सहप्रबन्धक गुरूदास अमात्यले बताए। गोसाइँकुण्ड गाउँपालिका–५ मा निर्माण हुने २० मेगावाट लाङटाङखोला एवं थुमन तथा बृद्दिम क्षेत्रको आधार इलाकामा निर्माण हुने १२० मेगावाट भोटेकोशी जलविद्युत् आयोजना निर्माणका लागि प्रवेशमार्ग निर्माण भइरहेको छ। आमाछोदिङ्मो र उत्तरगया गाउँपालिकामा निर्माण हुने माथिल्लो त्रिशुली वान नामक २१६ मेगावाट क्षमताको जलविद्युत् आयोजनाको भने सबै प्रक्रिया पूरा भई अब स्थलगतरुपले निर्माणको चरणमा अगाडि बढेको आयोजनाका निर्देशक गिरीराज अधिकारीले जानकारी दिए। रसुवा र नुवाकोट दुई जिल्लाको आधार इलाकामा नेपाल विद्युत् प्राधिकरणद्वारा निर्माण भएको ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली थ्री–ए आयोजनाको निर्माणकार्य सम्पन्न भई उत्पादन र खपत शुरु भइसकेको छ। विसं २०६० भदौ ८ गतेबाट उत्पादत शुरु भएको २२ मेगावाट क्षमताको चिलिमे र २०७१ मा निर्माण भएको पाँच मेगावाट क्षमताको मैलुङ जलविद्युत् केन्द्रले लक्ष्य अनुसार उत्पादन दिइरहेको जनाइएको छ। रासस

श्रोत : बाह्रखरी२०७६/८/१५

## काम गर्न नसक्ने कर्मचारीलाई बिदा लिन उर्जामन्त्रीको सुझाव

काठमाडौं । उर्जा, जलस्रोत तथा सिचाईंमन्त्री वर्षमान पुनले कार्यसम्पादन सम्झौताअनुसार काम गर्न मातहतका निकायलाई सुझाव दिएका छन् ।

सिंहदरबारस्थित उर्जामन्त्रालयमा भएको ०७६-०७७ को प्रथम चौमासिक प्रगति समीक्षा एवं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा उनले आफूसँग गरिएको कार्यसम्पादन सम्झौताअनुसार काम नगरे जिम्मेवारीबाट हटाउने समेत चेतावनी दिए ।

"मैले प्रधानमन्त्रीज्यूसँग कार्यसम्पादन सम्झौता गरेको छु । म त्यहीअनुसार काम गर्छु, सचिवज्युले मसँग गर्नुभएको छ । त्यस्तै सचिवज्यूसँग सहसचिव र अन्य उच्च अधिकारीले सम्झौता गर्नुभएको छ । सम्झौताअनुसारको काम भयो कि भएन अहिलेलाई त्यो नै मुल्यांकन हो । कार्यसम्पादनअनुसार काम नभएको भए आफ्नो जिम्मेवारी पनि सोचौं," उनले भने ।

मन्त्री पुनले राज्य र सरकारको कार्यशैली फेरिएको भन्दै त्यहिअनुसार काम गर्न पनि निर्देशन दिए । उनले भने, "प्रधानमन्त्री, मन्त्रीले भन्दै गर्छन्, यस्तो चलिरहन्छ भन्ने कुराजस्तो भयो । लेखेको, नेतृत्वले भनेको र योजनामा रहेका विषय कार्यान्वयन गर्ने हो भन्ने देखिएको छैन । यसलाई गम्भिरतापुर्वक लिनुहोस ।"

मन्त्री पुनले बजेटमा भएका विषयलाई बेवास्ता गर्ने कार्यशैली देखिएको भन्दै लक्ष्यभन्दा बाहिर गएर काम नगर्न समेत चेतावनी दिए । राष्ट्रिय गौरव र प्राथमिकताका आयोजनामा गम्भिर भएर काम गर्न र फिल्डमै गएर आयोजनाको अवस्था बुझ्न एवं सहजीकरण गर्न पनि मन्त्री पुनले निर्देशन दिए ।

अर्न्तमन्त्रालय र अरु निकायलाई दोष देखाएर आफू पन्छिने काम भइरहेको भन्दै मन्त्री पुनले नेतृत्वले समस्याको समाधान आफैले गर्नुपर्ने पनि बताए ।

‘तपाईंहरुले राष्ट्रिय गौरव र प्राथमिकतामा परेका आयोजनाहरुको सोझै सचिव, महानिर्देशकहरुले नै निगरानी र सहजीकरण गर्नुपर्‍यो, आफैं फिल्डमा गएर भए पनि समस्याको समाधान गर्नुपर्‍यो । अहिले पनि अरुलाई मात्र दोष दिएर उम्कने काम राम्रो होइन," मन्त्री पुनले भने ।

श्रोत : नयाँ पत्रिका, २०७६/८/१५

बुढीगण्डकी बनाउन प्रत्येक लिटर तेल किन्दा जनताले तिरेको ३७ अर्ब अलपत्र

जनताले आफ्नो पसिनाबाट किनेको पेट्रोलियममा बुढीगण्डकी आयोजनाका लागि प्रतिलिटर पाँच रुपैयाँ तिरिरहेका छन्, तर सरकारले निर्माणको जिम्मा दिएको चिनियाँ कम्पनी नै सम्पर्कविहीन भएपछि आयोजना अनिश्चित, सरकारले खर्च गरिसकेको २८ अर्ब मात्रै होइन, जनताबाट उठाएको ३७ अर्ब रुपैयाँ पनि अलपत्र

बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना बनाउने काममा सरकारले चरम हेलचेक्र्याइँ गरेको छ। ०६८ सालमा गठन भएको बुढीगण्डकी बहुउद्देश्यीय आयोजना विकास समिति ०७३ मा खारेज गरिएपछि जग्गाको मुआब्जा निर्धारणसमेत हुन सकेको छैन। तर, कहिले चिनियाँ कम्पनीले, कहिले सरकार आफैँले बनाउने भनेर टेनिस बल जस्तो बनाइएको आयोजना एक वर्षदेखि भने वारेस बिहीन बनेको छ।

मन्त्रिपरिषद्ले ०७५ असोजमा चाइना गेजुवा ग्रुप अफ कम्पनी (सिजिजिसी) लाई निर्माणको जिम्मा दिने निर्णय गरे पनि उसले हात झिकेपछि आयोजना कसको भन्नेमै अन्यौल छ। आयोजना बनाउन प्रति लिटर पेट्रोलियम पदार्थ किन्दा जनतासँग ५ रुपैयाँ उठाउने गरिएको छ। त्यसबाट उठेको ३७ अर्ब रुपैयाँ सरकारी कोषमा अलपत्र परेको छ।

आयोजनाको जग्गा अधिग्रहणलगायत निर्माणपूर्वका गर्नुपर्ने काम बाँकी नै छ, तर सरकारले पुनर्वास तथा पुनर्स्थापना एकाइको म्याद मात्रै थपेको छ। १४ कात्तिकमा सकिएको पुनर्वास तथा पुनर्स्थापना एकाइको म्याद सोही मितिदेखि लागू हुने गरी सरकारले एक वर्षका लागि थपेको कार्यालयका प्रमुख कृष्ण कार्कीले बताए।

बुढीगण्डकी जलविद्युत् आयोजना विकास समितिसँगै ०७३ मै हालको पुनर्वास तथा पुनर्स्थापना एकाइ पनि खारेजीमा परेको थियो। तर, केही समयपछि जग्गा अधिग्रहण तथा मुआब्जा वितरणको कामलाई सम्हाल्न कार्यविधि संशोधन गर्दै मन्त्रालयमातहत रहने गरी एकाइलाई पुनर्जीवन दिइएको थियो। हाल सोही एकाइलाई अधिग्रहण गरिने जग्गाको मुआब्जा वितरणको जिम्मा दिइएको छ। तर, आयोजना प्रभावित धादिङ र गोरखाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआब्जा निर्धारण समितिले अधिग्रहण गर्न बाँकी क्षेत्रको मुआब्जा निर्धारण गरेको छैन। सोहीकारण पुरानो मुआब्जा बाँड्ने कामबाहेक एकाइको भूमिका शून्य छ।

विकास समिति भंग भएपछि परियोजनालाई नेतृत्व गर्ने छुट्टै कार्यालय स्थापनाको प्रस्ताव ऊर्जा मन्त्रालयभित्र उठेको थियो। तर, त्यसले पनि पूर्णता पाउन सकेको छैन। '१२ सय मेगावाटको बुढीगण्डकी आफैँमा एउटा बृहत् परियोजना हो,' मन्त्रालयका सहसचिव दिलीपकुमार सडौलाले भने, 'जग्गा अधिग्रहणदेखि कन्सल्ट्यान्ट छनोट र ठेक्का सम्झौताका कामसमेत समानान्तर रूपमा गर्न छुट्टै सशक्त निकाय चाहिन्छ।' एक वर्षमा मुआब्जा वितरणको काम मात्र सक्ने लक्ष्यअनुसार एकाइको म्याद थपेको उनको भनाइ छ।

बजार क्षेत्रको मुआब्जा तोकिएन, सरकारी जग्गा यकिन छैन

आयोजनाले अधिग्रहण गर्नुपर्ने आरुघाट, आर्खेत, खहरेजस्ता बजार क्षेत्रको जग्गा, घर, गोठ, टहरालगायतको मुआब्जा नै निर्धारण गर्न सकेको छैन। मुआब्जा निर्धारणका लागि धादिङ र गोरखाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा दुवै जिल्लामा छुट्टाछुट्टै मुआब्जा निर्धारण समिति छन्। तर, काम भएको छैन।

परियोजनाले अहिलेसम्म समिति हुँदा नै निर्धारण गरेको जग्गाको मुआब्जा वितरण गरिरहेको हो। तर, सरकारी (ऐलानी) तथा लालपुर्जा नभएका तथा स्थानीयको बसोवास तथा आबादी रहेका र पर्ती जग्गा कति अधिग्रहण गर्नुपर्छ भन्ने तथ्यांकसमेत छैन। यसका लागि आवश्यक निर्देशिकासमेत बनेको छैन। तर, एकाइ प्रमुख कार्की भन्छन्, 'मुआब्जा निर्धारण गर्ने प्रक्रिया अघि बढिरहेको छ । सरकारी, पर्ती (ऐलानी) जग्गा अधिग्रहणमा समस्या छैन।'

आयोजना पेन्डुलम

बुढीगण्डकी विकास समितिले परियोजना अघि बढाउँदा डिपिआर ०७१ सालमा निर्माण सम्पन्न भएको थियो। त्यही डिपिआरले नै आयोजना १२ सय मेगावाटमा बनाउँदा हुने देखाएको थियो। त्यसपछि समितिले आयोजना बनाउन आवश्यक जग्गाको अधिग्रहण तथा मुआब्जा वितरण सुरु गरेको हो। तर, ०७३ मा प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री टोपबहादुर रायमाझी भएको सरकारले विकास समिति खारेज गरी आयोजनालाई कम्पनी मोडलमा अघि बढाउने निर्णय ग-यो। ०७४ साउनमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले आयोजना चाइना गेजुवा ग्रुप अफ कम्पनी (सिजिजिसी) लाई बनाउन दिने निर्णय गरेपछि भने चौतर्फी विरोध सुरु भयो। विरोधकै बीच वर्तमान सरकारले ०७५ असोजमा ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयलाई सिजिजिसीसँग वार्ता गरी सम्झौतामा हस्ताक्षर गर्न निर्देशन दियो। तर, ३ चरणको वार्तापछि सिजिजिसीले आयोजनाबाट हात झिकेको छ।

सरकारको २८ अर्ब स्वाहा, आयोजना जहाँको त्यहीँ

सरकारले बुढीगण्डकी अधिग्रहण गर्ने जग्गा तथा संरचनाको मुआब्जाका लागि आर्थिक वर्ष ०७५/७६ मा १७ अर्ब ९९ करोड रुपैयाँ विनियोजन गरेको थियो। योमध्ये करिब ७ अर्ब रुपैयाँ मुआब्जामा खर्च हुन नसकेको ऊर्जा मन्त्रालयका सहसचिव एवं आयोजनाका फोकल पर्सन दिलीपकुमार सडौलाले जानकारी दिए। आयोजनाले करिब ५३ हजार रोपनी क्षेत्रफल अधिग्रहण गर्नुपर्नेमध्ये ०७३/७४ देखि ०७५/७६ सम्म १३ हजार १ सय ११ जग्गाधनीको ४४ हजार १ सय २० रोपनी जग्गा अधिग्रहण गरेको छ। त्यसको मुआब्जामा कुल २६ अर्ब ५० करोड ३१ लाख २८ हजार  खर्च गरेको छ। त्यस्तै, डिपिआर बनाउन करिब १ अर्ब रुपैयाँसहित आयोजनाले हालसम्म करिब २८ अर्ब रुपैयाँ खर्च गरेको सडौलाले जानकारी दिए।

तीन वर्षदेखि जनतालाई अनावश्यक करको भार

बुढीगण्डकी जलविद्युत् आयोजनामै लगानी गर्ने भनेर सरकारले पेट्रोलियम पदार्थबाट उठाउन सुरु गरेको पूर्वाधार करबाट करिब ३७ अर्ब रुपैयाँ संकलन भइसकेको नेपाल आयल निगमका प्रवक्ता वीरेन्द्र गोइतले बताएका छन्। तर, आयोजना अघि नबढ्दा सरकारले उक्त रकम प्रयोग गर्न पाएको छैन। तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष ०७३/७४ को बजेटमार्फत बुढीगण्डकीमा लगानी जुटाउन पेट्रोलियम पदार्थमा प्रतिलिटर ५ रुपैयाँ पूर्वाधार कर उठाउने व्यवस्था लागू गरेका थिए।

श्रोत : नागरिक, २०७६/५/१५

## १२ वर्षपछि बन्यो कुलेखानी तेस्रो

काठमाडौं – १४ मेगावाटको जलायशयुक्त कुलेखानी तेस्रो जलविद्युत्आयोजना निर्माण थालेको १२ वर्षपछि दोब्बर लागतमा तयार भएको छ ।

२०६४ सालमादुई अर्ब ४३ करोड अनुमानित लागतमा तीन वर्षभित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । सरकारी निकाय र ठेकेदार कम्पनीको लापारवाहीले उक्त आयोजना १२ वर्षपछि सुरुको अनुमानभन्दा दोब्बर लागतमा तयार भएको छ ।

आयोजना सम्पन्न हुँदा चार वर्ष ४३ करोड रुपैयाँखर्च भएको छ । कुलेखानी तेस्रो जलविद्युत् आयोजनाका प्रमुख सुभाषकुमार मिश्रले तोकिएको समयमा निर्माण सम्पन्नन हुँदा आयोजनाको लागत दोब्बर भएको बताए ।

'२०६४ सालमानिर्माण सुरु गरिएको आयोजना २०७६ मा सम्पन्नहुँदालागत वृद्धि हुने नै भयो,' उनले भने,'आयोजना एउटा कारणले मात्रै होइन, विविधकारणले समयमै बन्ननसकेकोहो ।' आयोजना प्रमुख मिश्रले अहिले अन्तिम परीक्षण प्रसारणको काम भइरहेको बताए ।

'गतअसोजदेखि आयोजनाको परीक्षण प्रसारण भइरहेको छ,' उनले भने,'अहिले १२.८ मेगावाटदेखि १३ मेगावाटसम्म बिजुली उत्पादन भइरहेको छ ।'उनकाअनुसार केही प्राविधिककाम एक महिनाभित्रै सकेर आयोजना हस्तान्तरण गर्ने तयारी छ ।

आयोजनाको हाइड्रो तथा इलेक्ट्रोमेकानिकको ठेक्कापाएको ठेकेदार कम्पनीझेजियाङ जिनलुनले एक महिनाभित्रै आयोजना हस्तान्तरण गर्ने छ । 'ठेकेदार कम्पनीले एक महिनाभित्रै आवश्यक सम्पूर्ण परीक्षण सकेर हस्तान्तरण गर्ने कार्यक्रम तय गरेको छ,' उनले भने,'कुनै प्राविधिक कमजोरी नदेखिएको खण्डमा एक महिनाभित्रै हस्तान्तरण हुनेछ ।'

आयोजनाकाअनुसार अहिले उत्पादनभएको बिजुलीपाँच सय मिटर प्रसारणलाइनबाट राष्ट्रिय ग्रिडमा जोडिएको छ । कुलेखानी तेस्रोमा दुईवटा युनिट छन् । दुवै युनिटको क्षमता७–७ मेगावाट बिजुली उत्पादन गर्ने रहेको छ । यसबाट उत्पादित बिजुली काठमाडौं–हेटौंडाको १३२ केभी प्रसारण लाइनमा जडान गरिएको छ

श्रोत : कान्तिपुर, २०७६/८/१५

## राष्ट्रिय गौरवका आयोजना : आधाको प्रगति ५० % भन्दा कम

काठमाडौँ — लामो समयदेखि निर्माण थालिएका २१ वटा गौरवका आयोजनामध्ये ११ वटा आयोजनाको प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ। नेपाली सेनाले ठेक्का लिएको ७२ किमि लामो काठमाडौं–तराईमधेस द्रुत मार्गका प्रगति ७ प्रतिशत मात्रै छ।

| | |
|---|---|
| माथिल्लो तामाकोसी | ९९% |
| मेलम्ची खानेपानी आयोजना | ९५% |
| चुरे संरक्षण कायक्रम | ९२.११% |
| गौतमबुद्ध विमानस्थल | ८४.२५% |
| लुम्बिनी विकास कोष | ८२% |
| पशुपति क्षेत्र विकास कोष | ६५% |
| सिक्टा सिँचाइ आयोजना | ६०% |
| पोखरा क्षेत्रीय विमानस्थल | ५२% |
| रानीजमरा कुलरिया सिँचाइ | ४४.५% |
| मध्य पहाडी लोकमार्ग | ४२% |
| बबई सिँचाइ | ४१% |
| हुलाकी लोकमार्ग | ४३% |
| भेरी-बबई डाइभर्सन | ३९% |
| रेलवे तथा मेट्रो विकास आयोजना, बर्दिबास-सिमरा | २०% |
| कोसी लोकमार्ग | ५०% |
| कालीगण्डकी लोकमार्ग | ४७.५% |
| कर्णाली लोकमार्ग | १९.५% |
| तराई मधेस द्रुतमार्ग | ७% |
| पश्चिम सेती जलविद्युत् | ०% |
| निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | ०% |
| बूढीगण्डकी जलविद्युत् | ०% |

कान्तिपुर

‘एकैचोटि सक्ने गरी काम भइरहेको छ,’ नेपाली सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले भने, ‘कामको गति बढाइरहेका छौं।’ कल्भर्ट, पुल, सडक निर्माणलगायतको काम भइरहेको छ। ०७४ जेठ १४ मा शिलान्यास भएको यो सडकको साढे चार वर्षभित्रमा निर्माण सक्नुपर्नेछ। सेनाले समयमै काम सक्ने दाबी गर्दै आएको छ। त्यस्तै ०४४ सालमा सुरु बबई सिँचाइ आयोजनाको प्रगति सन्तोषजनक छैन। ‘यो पुरानो आयोजना हो,’ आयोजना निर्देशक मधुकर रानाले भने, ‘पहिला थाहा भएन, अहिले काम भइरहेको छ।’ सबैभन्दा पुरानो लुम्बिनी क्षेत्र विकास कोष रहेको छ। ०४२ सालमा सुरु आयोजनाको हालसम्म प्रगति ८२ प्रतिशत पुगेको छ।

सरकारले केही दिनअघि सार्वजनिक गरेको गरेको चौमासिक रिपोर्टमा गौरवका आयोजनाको प्रगतिलाई तीन खण्डमा विभाजन गरेर मूल्यांकन गरेको छ। पहिलो खण्डमा सन्तोषजनक दोस्रोमा सामान्य र तेस्रो समस्यामूलकका रूपमा विभाजन गरिएको छ। मोडालिटी निर्धारण हुन बाँकी र समस्यामूलक आयोजनामा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बूढीगण्डकी जलविद्युत् आयोजना, रेलमार्ग निर्माण, मेलम्ची खानेपानी आयोजना र पश्चिम सेती जलविद्युत् आयोजना रहेका छन्। आयोजना समयमै निर्माण नहुँदा अलपत्रजस्तै बनेका छन्।

केही आयोजनाको अहिलेसम्म कुनै प्रगति देखिएको छैन। गौरवको आयोजनाका रूपमा प्रचार गरिए पनि जग्गा टुंगो नलाग्ने, ठेक्का हुन नसक्ने र आयोजनाभित्र पर्ने बिजुलीका पोल, ढल र रूखको समस्या देखापर्ने गरेको छ। यस्तै समस्या सिक्टा सिँचाइ आयोजनामा छ। एउटा ठेक्का सम्झौताबारे मुद्दा अदालतमा विचाराधीन रहेका कारण आयोजना समयमै नसकिने निश्चित रहेको आयोजना निर्देशक कृष्ण नेपाल बताउँछन्। ‘यो आर्थिक वर्षमा सकिँदैन, ५/६ वर्ष समय थप्नुपर्ने भएको छ,’ उनले भने, ‘स्थानीयस्तरमा विवाद र जग्गा अधिग्रहणमा समस्या भएका कारण समयमै काम सकिन गाह्रो छ।’ ०६२/०६३ मा सुरु सिक्टाको अहिलेसम्म प्रगति ६० प्रतिशत छ। सरकारले सार्वजनिक गरेको चौमासिक रिपोर्टमा सामान्य रूपमा काम भइरहेको आयोजनामा सिक्टा सिँचाइ, रानीजमरा कुलरिया सिँचाइ, उत्तर–दक्षिण (कर्णाली) लोकमार्ग, उत्तर–दक्षिण (कोसी कोरिडोर) सडक, उत्तर–दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग, काठमाडौं–तराईमधेस द्रुतमार्ग, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, लुम्बिनी क्षेत्र विकास कोष र पशुपति क्षेत्र विकास कोष छन्।

सन्तोषजनक अवस्थामा काम भइरहेका आयोजना कम छन्। सरकारले सार्वजनिक गरेको रिपोर्टमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, माथिल्लो तामाकोसी जलविद्युत् आयोजना, भेरी बबई बहुउद्देश्यीय डाइभर्सन, हुलाकी सडक आयोजना, पुष्पलाल मध्य पहाडी लोकमार्ग र बबई सिँचाइ आयोजनालाई सन्तोषजनकमा राखिएको छ।

पूर्वसचिव किशोर थापा राष्ट्रिय गौरवको आयोजनालाई साँच्चिकै गौरव गर्नलायक नबनाइएकाले समयमै काम नसकिएको बताउँछन्। 'गौरवका आयोजनाले हरेक हिसाबले विशेष महत्त्व पाउनुपर्छ,' उनले भने, 'तर, गौरवका आयोजनामा काम गर्नु र अरू आयोजनामा काम गर्नुमा केही फरक छैन, लामो समय अल्झिनुको कारण कर्मचारीले गौरव महसुस गरेनन्, प्रभावित क्षेत्रका स्थानीयलाई यो आयोजना हाम्रो पनि गौरव हो भन्ने लागेन।' उनले राष्ट्रिय गौरव भनेको कुनै दल र सरकार विशेषको नभएको टिप्पणी गरे।

'गौरवका आयोजनामा जग्गा अधिग्रहणको समस्या पहिल्यै समाधान गर्नुपर्‍यो, ठेक्का प्रक्रिया फरक हुनुपर्‍यो, काम गर्ने कर्मचारीहरूको सुविधा, काम कर्तव्य अधिकार फरक हुनुपर्‍यो,' उनले भने, 'तर, स्थानीयको सहयोग छैन, आयोजनालाई अप्ठ्यारोमा पार्ने, कसरी फाइदा लिने भन्ने मात्र छ। गौरवको आयोजनामा माग तेर्साएर कसैले पनि काम रोक्न नहुने थापाको तर्क छ।

'राष्ट्रिय गौरवको आयोजना भनेर घोषणा गरिएपछि ती ठाउँमा बन्द हडताल चक्का जाम अवरोध गर्न नपाइने हुनुपर्‍यो,' उनले भने, 'विभिन्न निकायबाट लिनुपर्ने स्वीकृत पहिल्यै लिएको हुनुपर्‍यो।' काम सुरु भएपछि सहमति लिनुपर्ने गोल चक्करमा आयोजनालाई पार्नु नहुने उनले बताए। 'चालु आयोजनामा कुनकुन निकायको सहमति लिनुपर्ने हो, ती निकायका प्रमुखलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर सही गराउनुपर्‍यो,' उनले भने, 'मन्त्रालयमा फाइल पठाई शाखाशाखा घुमाएर दुःख दिनु भएन।'

पुराना आयोजनाको समय थप गरिए पनि काममा भने सोचेअनुरूपको प्रगति हुन सकेको छैन। कहिले सक्नुपर्ने हो भन्ने प्रश्नमा आयोजना प्रमुखहरू सुरु मिति खुलाउन चाहँदैनन्। संशोधित मिति भन्दै टार्ने गरेका छन्। त्यस्तै निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको अहिलेसम्म प्रगति नै देखिएको छैन। जहाँ काम नै सुरु भएको छैन।

बूढीगण्डकी जल वद्युत् आयोजनाको पनि अहिलेसम्म प्रगति छैन। रेलवे तथा मेट्रो  वकास आयोजना (बर्दिबास–समरा) को प्रगति २० प्रतिशत मात्र छ। ०६५/०६६ मा सुरु भएको हुलाकी राजमार्गको प्रगति ४३ प्रतिशत पुगेको छ। 'सुरुको अवस्थामा काम कम भए पनि अहिले रफ्तार बढेको छ,' हुलाकी राजमार्ग निर्देशनालयका निर्देशक अशोक तिवारीले भने, 'अहिले समस्या छैन।

श्रोत : अन्नपूर्ण पोष्ट, २०७६/८/१६

# मा थल्लो तामाकोशी : ५ महिनामा ५३ मटर, कहिले स कन्छ ३१० मटर?

दोलखा : माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको सबैभन्दा कठिन मध्येको ३१० मिटरको माथिल्लो ठाडो सुरुङमा ५ महिनामा ५३ मिटरमात्र पेनस्टक पाइप जडान गरिएको छ। माथिल्लो ठाडो सुरुङमा पेनस्टक पाइप जडान गर्न सुरु गरेको ५ महिनामा ३० प्रतिशत मात्र पाइप जडान भएको हो।

आयोजनाको तथ्याङ्क अनुसार ठाडो सुरुङमा एकमिटर पेनस्टक पाइप जडान गर्न तीनदिन लाग्ने गरेको पाइएको छ। सो तथ्याङ्कलाई आधार मानेर गणितिय हिसाब गर्दा बाँकी २ सय ५७ मिटर ठाडो सुरुङमा पेनस्टक पाइप जडान गर्न २५ महिना लाग्छ।

माथिल्लो तामाकोशीको संशोधिन कार्यतालिका अनुसार आयोजनाबाट ०७६ चैत मशान्तमा परिक्षण विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ। माथिल्लो ठाडो सुरुङ मंसिर १५ सम्ममा ५२ दशमलब ५ मिटर पेनस्टक जडान गर्ने काम सम्पन्न भएको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाका प्रबक्ता डा.गणेश न्यौपानेले बताए।

३७३ मिटर लम्बाईको तल्लो ठाडो सुरुङ भने एकसय ५० मिटर पेनस्टक पाइप जडान भइसकेको प्रवक्ता डा. न्यौपानेले बताए। तल्लो ठाडो सुरुङमा अष्ट्रियन कम्पनी एण्ड्रिज हाइड्रोले असार १ गतेबाट पेनस्टक राख्न सुरु गरेको थियो। ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङ असार १० बाट पेनस्टक जडान गर्न सुरु गरेको टेक्सम्याको रेल्वे इन्जिनियरिङले पाँच महिनाको अवधिमा ५३ मिटरमात्र जडान गरेको छ।

पेनस्टक जडान गर्दै जाँदा काम गर्न पनि सहज हुँदै जाने र कामको गति पनि बढ्ने आयोजनाका प्रबक्ता डा. न्यौपानेको भनाइ छ। तर, टेक्सम्याकोको कामको गति हेर्दा चैतसम्ममा एकतिहाई पनि काम हुने अवस्था देखिँदैन। पाँच महिनामा ५३ मिटर पेनस्टक जडान गर्नेले करिब चार महिनाको अवधिमा काम सक्ने कुनै आधार नरहेको आयोजनामा कार्यरत कर्मचारीहरु बताउँछन्।

श्रोत : नागरिक, २०७६/५/१६

## निर्माणले गति लियो, ५२ प्रतिशत भौतिक प्रगति

रसुवा - च लमे त्रिशूली २२० केभी प्रसारण लाइन निर्माणले तीव्रता पाएको छ। जिल्लाको मा थल्लो क्षेत्रमा रहेका जल वद्युत् आयोजनाको निर्माणले गति लएपछि प्रसारण लाइनलाई चाप परेको हो। चालु आ र्थक वर्ष ०७६÷७७ भत्र दुईवटा जल वद्युत् आयोजनाले उत्पादन सुरु गर्ने तयारी गरेका छन्। यो प्रसारण लाइन निर्माण नभएमा उत्पादन भएको वद्युत् खेर जाने छ। प्रसारण लाइनको ५२ प्रतिशत काम स कएको छ।

तीन स्थानमा फाउन्डेसनको काम सुरु गरिएकोमा एक स्थानमा स कएको छ। १५ वटा टावरको एस्काभेसनको काम स कएको छ भने १५ वटाको जारी छ। कठिन स्थानहरूमा निर्माण कार्य अन्तिम चरणमा पुगेका आयोजना प्रमुख सुभारम्भ वक्रम शाहले बताए।

सन् २०१७ डसेम्बर २० दे ख प्रसारण लाइन निर्माण सुरु भएको आयोजनाको सन् २०१९ जुन १३ मा निर्माण सम्पन्न गर्ने कार्ययोजना रहेको थयो। सम्झौता अनुसार काम गर्न नसकेपछि आयोजनाले निर्माणको म्याद थपेको छ। थ पएको समय सीमाअनुसार २०२० फेब्रुअरी २९ मा निर्माण सम्पन्न गरिसक्नु पर्छ।

भौगो लक वकटता, सडकको पहुँच नपुगेको, डजाइनमा धेरै समय लागेकाले निर्माणमा ढिलाइ भएको उनले बताए। आयोजना चनियाँ ठेकेदार पङ्गाओ ग्रुप ल मटेडले गरिरहेको छ। रसुवाको मा थल्लो क्षेत्रमा निर्माण हुने जल वद्युत् आयोजनाबाट उत्पादन हुने वद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्नका ला ग प्रसारण लाइन निर्माण गरिएको हो। प्रसारण लाइन निर्माणका ला ग सन् २०१७ नोभेम्बर १३ मा ठेक्का सम्झौता भएको थयो।

रसुवाको आमाछोदिङ्मो गाउँपा लकास्थित गोल्जुङदे ख नुवाकोटको कस्पाङ गाउँपा लकास्थित त्रिशूली थ्री बी हबसम्म प्रसारण लाइन निर्माण हुने छ। प्रसारण लाइनको दूरी साढे २७ कलो मटर रहेको छ। गोल्जुङदे ख मैलुङसम्म २२० के भ डबल स र्कट र

मैलुङदे ख त्रिशूली थ्रबिको हबसम्म 'फोर स र्कट' प्रसारण लाइन निर्माण हुने छ। गोल्जुङदे ख थ्रबी हबसम्म ७८ वटा टावर रहने बताइएको छ।

'तारमुनि पर्ने जग्गामा खेतीपाती लगाउन मल्छ,' आयोजना प्रमुख शाहले भने, 'तारलाई छुने अग्लो हुने बिरुवा रोप्न पाइँदैन।' प्रसारण लाइन र सब-स्टेसन निर्माणका ला ग नेपाल सरकार, जर्मन सहयोग नियोग केएफडब्लुको अनुदान तथा युरो पयन इन्भेस्टमेन्ट बैंकको ऋण लगानी छ। प्रसारण लाइन निर्माणपछि जिल्लाको गोसाइँकुण्ड गाउँपा लका र आमाछोदिङ्मो गाउँपा लकामा निर्माणाधीन जल वद्युत्को वद्युत् जो डने छ।

सबस्टेसन निर्माणका ला ग जग्गा अ धग्रहणमा ढिलाइ, वैदे शक सहायता पर्खनुपर्ने, जग्गा सट्टा, रुख कटानका ला ग समयमै अनुमति नपाउनु लगायत कारणले ढिलाइ भएको हो। सवस्टेसनको काम चार महिनामा सकाइसक्नुपर्ने छ।
यो प्रसारण लाइनमा २१६ मेगावाटको मा थल्लो त्रिशूली एक, एक सय ११ मेगावाटको रसुवागढी, ७८ मेगावाटको सान्जेन खोला, ४२.५ मेगावाटको सान्जेन, २० मेगावाटको लाङटाङखोला, १४.८ मेगावाटको मा थल्लो सान्जेन, ६.४२ मेगावाटको मा थल्लो मैलुङ ए जल वद्युत् आयोजनाको वद्युत् जो डने छ। यो प्रसारण लाइनमा पाँच सय मेगावाट वद्युत् जडान गर्न स कने छ।

श्रोत : नागरिक, २०७६/५/१६

## ऊर्जातर्फ ७७ प्रतिशत भौतिक प्रगति, जलस्रोततर्फ ७८ प्रतिशत

काठमाडौं - ऊर्जा, जलस्रोत तथा सँचाइ मन्त्रालयले चालु अ र्थक वर्षको चौमा सकमा ऊर्जातर्फ लक्ष्यको ७७ प्रतिशत र जलस्रोत तथा सँचाइतर्फ ७८ प्रतिशत भौतिक प्रगति हात पारेको छ। मन्त्रालयमा आइतबार भएको चौमा सक स मक्षा कार्यक्रममा मन्त्रालयले पेस गरेको प्रतिवेदनमा चौमा सकको अव धमा ऊर्जातर्फ ७७.१४ र जलस्रोततर्फ ७८.६९ प्रतिशत भौतिक लक्ष्य हा सल गरेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता प्र वणराज अर्यालले चालु चौमा सकमा ऊर्जा र जलस्रोततर्फ भौतिक प्रगति दुवैको बराबर जस्तै भएको बताए। 'चालु आ र्थक वर्षको चौमा सकमा ऊर्जा र जलस्रोत तथा सँचाइ दुवैतर्फ लगभग ७८ प्रतिशत भौतिक प्रगति भएको छ,' उनले भने, 'चार महिनाको अव धमा जलस्रोतको तुलनामा ऊर्जातर्फको वत्तीय प्रगति अझै बढी भएको छ।'

मन्त्रालयका अनुसार ऊर्जातर्फ वत्तीय प्रगति ८६.८६ प्रतिशत भएको छ। त्यसैगरी जलस्रोत तथा सँचाइ सम्बन्धी वत्तीय प्रगति ३९.८ प्रतिशत मात्रै भएको छ। मन्त्रालयले चालु आ र्थक वर्षको चौमा सकमा १६ अर्ब १० करोड ३४ लाख बजेट बिनियोजन भएकामा १३ अर्ब ९८ करोड ३४ लाख रुपैयाँ खर्च भएको छ। यो कुल बजेटको १७.३५ प्रतिशत मात्रै हो। त्यसैगरी चालु आ र्थक वर्षको चौमा सकमा जलस्रोतर्फ पाँच अर्ब ५० करोड २५ लाख बजेट वनियोजन गरिएकामा दुई अर्ब १८ करोड ९९ लाख रुपैयाँ खर्च भएको छ। यो कूल बजेटको ८.३३ प्रतिशत मात्रै हो।

वद्युत् प्रा धकरणले आयोजनामा आवश्यकता अनुसार खर्च गरेकाले पनि वत्तीय प्रगति केही धेरै दे खएको हो। मन्त्रालयका प्रवक्ता अर्यालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको प्रतिवेदन र मन्त्रालयमा पेस गरेको प्रतिवेदनमा केही फरक भएको पनि स्पष्ट पारे। उनका अनुसार चौमा सकको अव धमा कुनै पनि आयोजना निर्माण सम्पन्न नभएको बताए। ऊर्जा, जलस्रोत तथा सँचाइमन्त्री बर्षमान पुनले कार्यसम्पादन सम्झौताअनुसार काम गर्न मातहतका निकायलाई निर्देशन दिएका छन्।

मन्त्रालयमा भएको चौमासिक प्रगति समीक्षा एवं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा बोल्दै मन्त्री पुनले आफूसँग गरिएको कार्यसम्पादन सम्झौता अनुसार काम नगरे जिम्मेवारीबाट हटाउने चेतावनी दिएका छन्। मन्त्री पुनले राज्य र सरकारको पछिल्लो समय काम गर्ने कार्यशैली फेरिएकाले सोही अनुसार काम गर्न निर्देशन दिएका छन्। 'तपाईंहरुलाई जे जिम्मेवारी दिइएको छ, सोही अनुसार कार्यसम्पादन गर्नुहोस्,' उनले भने, 'नत्र सरकारले जुनसुकै बेला पनि हटाउन बाध्य हुनेछौं।' मन्त्री पुनले वार्षिक लक्ष्य अनुसारको कार्य पनि गर्न अनुरोध गरेका छन्।

'राष्ट्रिय गौरव र प्राथमिकताका आयोजनामा गम्भीर भएर काम गर्नुहोस्,' उनले भने, 'फिल्डमै गएर आयोजनाको अवस्था बुझ्न र सहजीकरण गरेर काम अगाडी बढाउनुहोस्।' समीक्षा बैठकमा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभाग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभागलगायत सरकारी कम्पनीका प्रमुखले कार्यपत्र प्रस्तुत गरेका थिए।

श्रोत : कान्तिपुर, २०७६/८/१६

## विकासे मन्त्रालयमध्ये ऊर्जा सबैभन्दा कमजोर

काठमाडौँ — विकासे मन्त्रालयमध्ये काम र खर्चको हिसाबले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय कमजोर देखिएको छ । प्रधानमन्त्री कार्यालयले तयार पारेको मन्त्रालयगत प्रगति विवरणअनुसार ऊर्जा मन्त्रालयले पहिलो चौमासिक (कात्तिक मसान्त) मा सक्ने वा सुरु गर्ने भनेका १७२ वटा माइलस्टोनमध्ये ४ वटा काम मात्रै सकिएका छन् ।




| मन्त्रालय | संख्या | सम्पन्न | चालु | सुरु नभएको |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार तथा यातायात | ७० | १६ | ४१ | १३ |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ | १७२ | ४ | १५५ | १३ |
| सहरी विकास | ७९ | ३३ | ३३ | १३ |
| खानेपानी | ६५ | ४२ | १२ | ११ |
| राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १०६ | ९ | ७८ | १९ |

कान्तिपुर

मन्त्रालयले प्रतिवद्धता गरेकामध्ये १५५ वटा माइलस्टोन चालु अवस्थामा रहेको र १३ वटा माइलस्टोनको काम सुरु नै नभएको विवरणमा उल्लेख गरिएको छ।

विकाससँग सम्बन्धित भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, खानेपानी मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको तुलनामा ऊर्जा मन्त्रालयको कार्य सम्पादन कमजोर देखिएको हो। भौतिक मन्त्रालयले कात्तिकसम्म सुरु गर्ने वा सक्ने भनिएका ७० मध्ये १६ वटा माइलस्टोन सम्पन्न गरेको छ। यस्तै सहरी विकास मन्त्रालयले कात्तिकसम्म पूरा वा सुरु गर्ने भनेको ७९ मध्ये ३३ वटा माइलस्टोन पूरा गरेको छ। खानेपानी मन्त्रालयले ६५ मध्ये ४२ माइलस्टोन पूरा गरेको प्रधानमन्त्री कार्यालयले तयार पारेको विवरणमा उल्लेख गरिएको छ।

ऊर्जा मन्त्रालयमा आइतबार आयोजित चौमासिक समीक्षामा भने मन्त्रालयको समग्र प्रगति तीन चौथाई देखाइएको छ। मन्त्रालयको चौमासिक प्रगति भौतिकतर्फ ७७ र वित्तीयतर्फ ७५ प्रतिशत देखाइएको छ।

प्रधानमन्त्री कार्यालयले तयार पारेको विवरणमा भने खर्चको आधारमा ऊर्जा मन्त्रालयको प्रगति ४० प्रतिशत पनि छैन। मन्त्रालयमा आइतबार आयोजित समीक्षा बैठकमा भने चौमासिक रूपमा मन्त्रालयले खर्च गर्नुपर्ने २१ अर्ब ६० करोड ५९ लाख रुपैयाँमध्ये १६ अर्ब १७ करोड ७३ लाख रुपैयाँ खर्च भएको जनाइएको छ।

मन्त्रालयका अनुसार ३६ आयोजनामध्ये पहिलो चौमासिकमा ९ वटा आयोजनाको भौतिक प्रगति मात्रै ८० प्रतिशतभन्दा बाँकी छ। १३ वटा आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा कम र १४ वटा आयोजनाको भौतिक प्रगति ५० प्रतिशतभन्दा कम पनि छ। निकायगत चौमासिक वित्तीय तथा भौतिक विवरणअन्तर्गत मन्त्रालयको वित्तीय प्रगति २० र भौतिक प्रगति ३३ मात्रै छ।

पहिलो चौमासिकमा सन्तोषजनक काम नभएको भन्दै ऊर्जामन्त्री वर्षमान पुनः कर्मचारीसँग असन्तुष्ट बनेका छन्। मन्त्रालयमा आइतबार आयोजित समीक्षा कार्यक्रममा मन्त्री पुनले काम गर्न नसकिने भए नैतिक जिम्मेवारी लिँदै बाटो सहज गरिदिन कर्मचारीहरूलाई निर्देशन दिएका थिए।

मन्त्री पुनले कार्यसम्पादन सम्झौताअनुसार काम गर्न मातहतका निकायलाई निर्देशन दिएको मन्त्रीको सचिवालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। मन्त्री पुनले कार्यसम्पादन सम्झौताअनुसार काम नगरे जिम्मेवारीबाट हटाउने चेतावनी दिएका मन्त्री पुनलाई उद्धृत गर्दै उनको सचिवालयले जनाएको छ।

‘कार्यसम्पादन सम्झौताअनुसार काम भयो कि भएन भनेर मात्रै मूल्यांकन हुन्छ,’ मन्त्री पुनले भने, ‘कार्यसम्पादनअनुसार काम नभएको भए आफ्नो जिम्मेवारी पनि सोचौं।’ उनले योजनामा लेखिएको, नेतृत्वले भनेको र योजनामा रहेको जिम्मेवारी पूरा गर्ने प्रवृत्ति नदेखिएको भन्दै बैठकमा असन्तुष्टि व्यक्त गरेका छन्।

मन्त्री पुनले बजेटमा एउटा कुरा लेख्ने र काम गर्दा त्यसलाई बेवास्ता गर्ने कार्यशैली देखिएको भन्दै लक्ष्यबाहिर गएर काम नगर्नसमेत कर्मचारीहरूलाई सचेत गराए।

## राष्ट्रिय गौरवका आयोजना र प्राथमकता प्राप्त आयोजनाको अवस्था फल्डमै गएर बुझ्नसमेत मन्त्री पुनले निर्देशन दिए।

श्रोत : ऊर्जा खबर, २०७६/५/१६

## आयोगको निर्देशिका नै विद्युत महसुल वृद्धिको पक्षमा

ऊर्जा क्षेत्रमा रहेको उत्पादन, वतरण र प्रसारण लाइनको एका धकार तोड्न गठन भएको वद्युत् नियमन आयोग नै बिजुलीको भाउ वृद् धको पक्षमा दे खएको छ । नियमन आयोगले पारित गरेको 'वद्युत् उपभोक्ता महसुल निर्धारण निर्दे शका २०७६' मा वतरण अनुमतिपत्र प्राप्त व्यक्तिको लगानीमा न्यायो चत प्रतिफल उल्लेख गरेसँगै बिजुलीको भाउ वृद् धको पक्षमा आयोग दे खएको हो । नियमन ऐनमा उपभोक्ताको हित संरक्षणको ला ग आवश्यक उपाय पहिचान गरी कार्यान्वयन गर्ने वा गराउने, वद्युत् खरिद–बिक्रीको दरमा प्रतिस्पर्धाको वातावरण कायम गराउने तथा अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच वद्युत् महसुल दरमा प्रतिस्पर्धा गराउन आवश्यक उपायको पहिचान गरी लागू गराउने उल्लेख भए पनि यसको मूल आशयलाई प्रभा वत हुने गरी वद्युत् खरिद–बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तसम्बन्धी वनियमावली २०७६ मा व्यवस्था गरिएको छ । वनियावलीमा आयोगले एक सय मेगावाटभन्दा मा थको जल वद्युत् आयोजनाहरूका हकमा स्वँपुजीमा प्रतिफल १७ प्रतिशत नबढ्ने गरी दिने उल्लेख गरिएको छ । ४५६ मेगावाटको मा थल्लो तामाकोशी निर्माणपछि आगामी वर्षदे ख नै बिजुली खेर जाने तथा हाल वद्युत् खरिद सम्झौता (पीपीए) भएर निर्माण भइरहेका ३ हजार मेगावाट तथा निर्माणमा जान लागेका ५ हजार मेगावाट बराबरका आयोजना सम्पन्न भएपछि पनि उक्त बिजुली खेर जाने चन्ता नेपालको ऊर्जा क्षेत्रमा दे खन्छ । हालै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था ईप्पानले आयोजना गरेको पावर स मट २०१९ मा पनि वद्युत् व्यापारलाई लएर व्यापक छलफल भएको थयो । छिमेकी राष्ट्रहरूले वद्युत् कन्न तयार भए पनि बिजुलीको भाउ नेपालको बढी भएकोले यसलाई घटाउन अ धकांश वदेशी निकायका प्रतिनि ध र लगानीकर्ताले सुझाव दिएका थए । हुन पनि वद्युत् प्रा धकरणको तथ्यांक हेर्ने हो भने नेपालको वद्युत्को प्रति युनिट लागत ८ दे ख १० रुपैयाँ छ तर भारतमा सरदर वद्युत् प्रति युनिट लागत ३ दे ख ५ रुपैयाँमात्र छ । प्रतियुनिट लागत नघटाएसम्म नेपालबाट भारतमा वद्युत् निर्यातको सम्भावना छैन । तर, नियमन आयोगले भने मूल्य नियन्त्रण गर्ने गरी कुनै योजना ल्याउन सकेको छैन । नेपाल वद्युत् प्रा धकरणले तय गरेको वर्षाको ४.८० पैसा तथा हिउँदको ८.४० पैसालाई कायम गरेको नियमन आयोगले अति महँगो सौर्य ऊर्जा (सोलार) को प्रति युनिट ७.३० रुपैयाँलाई कायम राखेको छ । छिमेकी राष्ट्र भारतमा प्रति युनिट २.४० भारतीय रुपैयाँमा सोलारबाट ऊर्जा उत्पादन हुन ला गरहेको बेला यसलाई अत्यन्तै महँगो मानिएको छ । लगानी बोर्डमा आएको निवेदन र गत चैत्रमा भएको सम्मेलनमा प्रतिवद्धता जनाए अनुसार झण्डै १५ सय मेगावाट बराबरको सोलार आयोजना अघि बढ्न लागेका छन् । निजी क्षेत्रले लगानी गरेको आयोजनामा प्रतिफलको माग गर्दै आए पनि हालसम्म यसबारे उल्लेख थएन भने सरकारी निकायबाट निर्माण हुने आयोजनामा प्रतिफललाई महत्व नै दिइएको थइएन । सरकारी निकायले अघि बढाएका आयोजना अत्यन्तै महँगो भएको र सरकारी भन्दा पनि पछिल्लो समयमा सरकारले कम्पनीमार्फत् जल वद्युत् निर्माण अघि बढाइरहेको तथा निजी क्षेत्रले समेत जल वद्युत् आयोजनाले तोकेको भन्दा अन्य वकास निर्माणका काम र चन्दामा बढी खर्च गरेर आयोजनाको लागत बढिरहेको बेला गरेको

यस्तो व्यवस्थाले अझ बिजुलीको भाउ वृद् ध हुने दे खएको छ । निर्दे शकामा  वतरण अनुमति प्राप्त व्यक्तिको पछिल्लो दुई आ र्थक वर्षको लेखा परीक्षण प्रतिवेदन, चालू र आगामी वर्षको प्रक्षे पत  वत्तीय  ववरण पेश गर्ने उल्लेख गरे पनि न्यायो चत प्रतिफल दिने व्यवस्थाले झन् बिजुली महँगो हुने ऊर्जा मन्त्रालयका एक अ धकारीले जानकारी दिए । "निजी क्षेत्रले निर्माण हुने आयोजनाहरूमा प्रतिफलको कुरा भए पनि सरकारी आयोजनाहरूमा पूर्ण रुपमा प्रतिफल दिँदा त्यसले महँगो रहेको नेपालको बिजुली अझ महँगो हुन्छ," ती अ धकारीले भने, "ऊर्जा मन्त्रीले पनि जनताको जल वद्युत् भन्दै कम्पनी मोडेलमा आयोजना बनाउने अनि आयोगले ती आयोजनाहरूलाई प्रतिफलको सुनिश्चितता गर्ने हो भने यसले झन् बिजुलीको भाउ बढाउँछ ।" उनको  वचारमा निजी क्षेत्रले आयोजनाले गर्नैपर्ने कानुनी र नीतिगत व्यवस्थामा भएबाहेक अन्य बाटो, बिजुली,  शक्षा, स्वास्थ्य, खानेपानी, क्लब लगायतलाई पनि सहयोग गर्नुपर्ने भएकोले सो जो खमलाई न्यूनीकरण गर्न प्रतिफलको सुनिश्चितता माग्नु गलत होइन तर, आयोगले आयोजनाले बाध्यात्मक व्यवस्थाबाहेकमा खर्च गरेमा उनीहरूले सो बराबरको रकम दिने व्यवस्था गरेर निजी क्षेत्रलाई प्रोत्साहन दिनुपर्ने सरकारी र निजी दुवैलाई न्यायो चत प्रतिफल व्यवस्थाले स्वेच्छाचारी पीपीए दर कायम गराउन सहयोग गर्नेछ । उपभोक्ताको संरक्षण र प्रतिफल दुवै व्यवस्थाले बिजुली महँगो हुनेबारेको प्रश्नमा भने  वद्युत् नियमन आयोगका अध्यक्ष  डल्ली  संह सरसर्ती हेर्दा त्यस्तो दे खए पनि त्यस्तो नहुने गरी लगानीकर्ताको बिजनेस चल्ने र उपभोक्ता नमर्ने गरी आयोगले व्यवस्था गर्ने दाबी गर्छन् । "दुवै पक्षलाई मर्का नगर्ने गरी बीचको बाटो अघि बढाउँछौं," उनले भने । गत वर्ष ७ अर्ब नाफामा रहेको तथा चालू वर्षमा ८.५ अर्बको प्रक्षेपण गरेको प्रा धकरणलाई समेत यो नियमन आयोगको व्यवस्थाले थप फाइदा पुग्ने दे खएको छ । सरकारी निकाय भए पनि पछिल्लो समयमा  वद्युत् प्रा धकरणले कम्पनी मोडेलमा लगानी बढाएकोले बिजुलीको भाउ बढाउने ल वङमा प्रा धकरण पनि लाग्ने दे खएको छ । आयोगले आफैं काम गरेर  वश्लेषण गर्न नसके ऊर्जा मन्त्रालयको छायामा परेर बिजुलीको भाउ बढ्ने र यसले  वद्युत् निर्यातका ला ग अझ ठूलो चुनौती थप्ने  वज्ञहरूको  वश्लेषण छ । प्रा धकरणले समग्रमा १० दे ख १५ प्रतिशत महशुल वृद् धको प्रस्ताव गर्दा यसअघि नै प्रा धकरणको लगानीमा समेत प्रतिफलको सुनिश्चितता गर्न आयोगलाई पत्र पठाइसकेको छ । आयोगले सार्वजनिक गरेको निर्दे शकामा उपभोक्ता हक हित संरक्षण,  वद्युत्को आपूर्ति गुणस्तरको सुनिश्चतता,  वतरण अनुमतिप्राप्त व्यक्तिको व्यावसायिकता तथा प्रभावकारिता अ भवृद् ध, प्रणाली सुधारका ला ग भ वष्यमा हुने लगानीको स्रोत परिचालनको आवश्यकता तथा  वतरण अनुमतिप्राप्त व्यक्तिको लगानीमा न्यायो चत प्रतिफललाई निर्देशक  सद्धान्त मानेर महशुल निर्धारण गर्ने उल्लेख छ । तर, निर्दे शकामा उपभोक्ताले गुणस्तरीय  वद्युत् नपाएमा उनीहरूले पाउने क्षतिपूर्ति, सेवाको गुणस्तरबारे  वस्तृत रूपमा उल्लेख छैन ।

श्रोत : गोरखापत्र, २०७६/८/१६

## फुकोट कर्णाली जलविद्युत बन्ने भएपछि स्थानीय हर्षित

### पुष्पराज भट्टराई

मान्म, मङ्सिर १६ गते । कालीकोट जिल्लाको रास्कोट नगरपालिका वडा नं ८ का ६७ बर्षीय रामनाथ बराल फुकोट कर्णाली जलविद्युत बन्ने भएपछि हर्षित हुनुहुन्छ । वर्षौंपछि कर्णाली नदीबाट बत्ती बल्ने भएपछि उहाँ खुशी देखिनुभएको हो ।

उहाँले भन्नुभयो, हाम्रो परिवार पाल्ने खेत दिन हामी तयार छौं, राष्ट्रिय गौरवको आयोजना भएकाले सरकारले हाम्रो ब्यवस्थापन गरिदिनु पर्छ । उहाँमात्र होइन रास्कोट नगरपालिकाकै दुर्गप्रसाद बरालको मुहारमा पनि खुशी छाएको छ । उहाँले हामी भारतमा गएर पनि कमाएर खान सक्छौं जनताको घरमा बिजुली बल्छ भने खुसी छौं, उहाँले भन्नुभयो । उहाँहरू मात्र होइनन् फुकोट कर्णाली जलविद्युत बन्ने भएपछि कालिकोटका स्थानीय नागरिक खुशी देखिएका छन् ।

सोमबार फुकोट कर्णाली जलविद्युत प्रभाबित क्षेत्रका जनसमुदायसंग मन्त्री कार्यक्रममा बोल्दै संघीय सरकारका ऊर्जा तथा जलस्रोत मन्त्री बर्षमान पुनले विभिन्न समयमा भएका आन्दोलनमा कालीकोटको अग्रणी भूमिका खेलेकाले कालीकोटको बिकासका लागि सरकार लागि दावी गर्नुभयो । उहाँले समग्र कर्णालीको बिकासका लागि कर्णालीका छालछालमा बिद्युत आयोजनाहरु निर्माण गरिने बताउनुभयो । उहाँले ४८० मेगावाट बिद्युत क्षमता बोकेको फुकोट कर्णाली जलविद्युतको आगामी चैतभित्रमा अध्ययन गरी काम सुरू गर्ने दावी गर्नुभयो ।

कालीकोटमा निर्माण हुने आयोजनाले समग्र कर्णालीको बिकास गर्ने भएकोले नेपाल सरकारले नेपालको पानी जनताको लगानी भनी आयोजना निर्माण गरिरहेको मन्त्री पुनले बताउनुभयो । एक दिन मात्र काम रोकियो भने फुकोट जलविद्युत आयोजनाबाट ५ करोड रकम बराबर खेर गइरहेको भन्दै उहाँले जतिभन्दा छिटो आयोजना निर्माण गरिछाड्ने प्रतिवद्धता जनाउनुभयो ।

आयोजना निर्माण भएमा २५ प्रतिशत कर्णाली प्रदेशलाई र २५ प्रतिशत कालीकोटका जनतालाई रोयल्टी प्राप्त हुने भएकाले कामका लागि सहयोग गर्न उहाँले आग्रह गर्नुभयो । मन्त्री पुलने जलविद्युत आयोजना प्रभावित क्षेत्रका नागरिकलाई ब्यस्थापनका लागि मुआब्जा पनि बितरण गरिने बताउनुभयो ।

यस्तै कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले यो आयोजनालाई छिटो भन्दा छिटो सम्पन्न

गरिसक्ने बताउनुभयो । यो आयोजना निर्माण गर्दा सबैको साझा आबश्यकता भएको उहाँको भनाइ छ ।

श्रोत : गोरखापत्र, २०७६/८/१७

# बूढीगण्डकी आयोजना बाँकी मुआब्जा निर्धारण

धादिङ, मङ्सिर १७ गते । बूढीगण्डकी जलविद्युत् आयोजनाको डुबानमा पर्ने बहुचर्चित मुख्य बजार क्षेत्रको जग्गाको मुआब्जा निर्धारण गरेको छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षता हुने मुआब्जा निर्धारण समितिले निकै लामो कसरतपछि यो मुआब्जा निर्धारण गरेको हो । विवादमा रहेको गोरखा र धादिङको ऐतिहासिक महत्व बोकको आरुघाट बजार र आर्खेत क्षेत्र तथा धादिङको खहरे बजार क्षेत्रको मुआब्जा सोमबार बिहान निर्धारण गरिएको प्रमुख जिल्ला अधिकारी आसमान तामाङले जानकारी दिनुभएको छ । धादिङसँगै गोरखाको बाँकी क्षेत्रको पनि मुआब्जा निर्धारण गरिएको छ । दुवै जिल्लाको मुआब्जा निर्धारण समितिको आइतबार राति बसेको संयुक्त बैठकले डुबानमा पर्ने जग्गालाई विभिन्न समूहमा वर्गीकरण गरी मूल्य निर्धारण गरिएको छ ।

आइतबार गरिएको निर्णयानुसार आरुघाट क्षेत्रको जग्गालाई नौ समूहमा वर्गीकरण गरिएको छ भने आर्खेत क्षेत्रको जग्गालाई दुई समूहमा वर्गीकरण गरिएको छ । मुख्य सडक मार्गमा पर्ने, सहायक सडक मार्गमा पर्ने, शाखा बाटोले छोएको, शाखा बाटो र मोटर बाटोले नछोएको, गोरेटो बाटोलगायतका पक्षलाई आधार मानेर मुआब्जा तोकिएको प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले जानकारी दिनुभयो । गुठीयार, मोही र सुकुम्बासीलाई शतप्रतिशत क्षतिपूर्तिका लागि निर्णय गर्न फाइल ऊर्जा मन्त्रालय पठाइएको बताउँदै प्रजिअ तामाङले घरको ह्रासकट्टीको निर्णय प्राप्त भएपछि उक्त मूल्य तोकिने बताउनुभयो । धादिङको खहरे क्षेत्रको दुई सय ४५ र आरुघाट, विशालनगरको ९१६ रोपनीसमेत जम्मा ११ सय ६१ जग्गाको मुआब्जा निर्धारण गर्न बाँकी थियो । यस्तै गोरखाको आरुघाट क्षेत्रमा ५३७ र आर्खेत क्षेत्रमा ७२ रोपनी जग्गाको मुआब्जा निर्धारण गर्न बाँकी थियो ।

बूढीगण्डकी आयोजनाको डुबानमा पर्नेमध्ये अहिलेसम्म ४४ हजार ६५८ रोपनी जग्गाको २६ अर्ब ८४ करोड ४६ लाख ४९ हजार रुपियाँ मुआब्जा वितरण भइसकेको छ । मुआब्जा निर्धारण भएपछि अब बजार क्षेत्रको करिब १७ सय ७० रोपनी जग्गाको मुआब्जा वितरण प्रक्रिया सुरु हुने छ । चालू आर्थिक वर्षमा सरकारले बूढीगण्डकी आयोजनाका लागि १४ अर्ब ६० करोड रुपियाँ बजेट विनियोजन गरेको छ ।

श्रोत : कान्तिपुर, २०७६/८/१७

**भेरी–बबई दोस्रो चरणमा**

(चिप्ले, सुर्खेत) — भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको दोस्रो चरणको काम औपचारिक रूपमा सुरु भएको छ। ऊर्जामन्त्री वर्षमान पुनले सोमबार सुर्खेतको चिप्लेस्थित बाँध निर्माणस्थलमा सिभिल निर्माणको शिलान्यास गरे।



आयोजनाको सुर्खेत चिप्लेस्थित बाँध निर्माणस्थलमा सिभिल निर्माणको काम हुँदै। तस्बिर : कलेन्द्र/कान्तिपुर

ग्वाङडङ युन्टिन/रमन जेभीले ६ अर्ब १६ करोडमा सिभिल निर्माणको जिम्मा लिएको छ। कम्पनीले ४ वर्षभित्र काम सक्ने गरी अगस्त २०१९ मा सरकारसँग सम्झौता गरेको थियो। आयोजना निर्देशक सन्जीव बरालले कुनै व्यवधान नभए समयमै काम सम्पन्न हुने बताए। उनका अनुसार सरासर काम भएमा आयोजनाबाट आर्थिक वर्ष २०७९/८० सम्म विद्युत् उत्पादन सुरु हुनेछ। 'सानातिना झमेला त आइरहन्छन् तर यसले आयोजनाको गतिलाई रोक्ने छैन,' उनले भने, 'मुआब्जालगायत समस्या समाधानका लागि पनि स्थानीय तह र जनतासँग छलफल गरिरहेका छौं।'

२०७५ पुस १० गते स्वीकृत संशोधित गुरुयोजनाअनुसार आयोजनाको अनुमानित लागत ३३ अर्ब १९ करोड रुपैयाँ रहेको छ। सबैभन्दा बढी (४० प्रतिशत बजेट) काम सिभिल निर्माणअन्तर्गत रहेको छ। यसअन्तर्गत हेडवर्क्स, सर्ज साफ्ट र पावर हाउस निर्माणको काम हुनेछ। निर्माण जिम्मा पाएको कम्पनीका कार्यकारी निर्देशक रमण महतोले सरकारसँग चारवर्षे सम्झौता गरे पनि

आन्तरिक रूपमा तीन वर्षभित्रै सम्पन्न गर्ने गरी कार्ययोजना बनाइएको बताए। अहिले दैनिक करिब १५० जना दक्ष तथा अदक्ष जनशक्तिले काम गरिरहेका छन्। तीमध्ये तीन जना चिनियाँ साझेदार कम्पनीका प्राविधिक रहेका उनले बताए। उनका अनुसार बाँध निर्माणस्थलमा पानीको बहाव बढी हुनुका साथै करिब ३० मिटर गहिराइमा चट्टान छ। 'हामीसँग काम गर्नका लागि चुनौती त थुप्रै छन्,' उनले भने, 'तैपनि विदेशी प्रविधि र अनुभवी जनशक्ति प्रयोग गरी समयमै सम्पन्न गर्ने कार्ययोजना बनाएका छौं।' बर्खाको समय (जुनदेखि अक्टोबरसम्म) मा काम गर्न नसकिने भएकाले उक्त समयमा अन्य काम गर्ने गरी कार्ययोजना बनाइएको उनले बताए।

चिनियाँ र नेपाली कम्पनीको साझेदारी रहेको सिभिल निर्माणको काममा भारतीय विज्ञ पनि सामेल छन्। यिनीहरूले योजना निर्माण र विकास कार्यमा सघाउने महतोले बताए। यसका साथै बाँध निर्माणमा जर्मन कम्पनीका 'बुम पम्प' प्रयोग हुनेछन्। 'राष्ट्रिय गौरवको यो आयोजना पाउनु हाम्रा लागि पनि गौरवको विषय हो,' उनले भने, 'त्यसैले स्वदेशी तथा विदेशी स्रोतसाधन प्रयोग गरेर समयमै काम सक्ने लक्ष्य राखेका छौं।'

दोस्रो चरणको कामको शिलान्यास गर्दै ऊर्जामन्त्री पुनले आयोजनाबाट सबैभन्दा बढी लाभ स्थानीय जनताले पाउने भएकाले कुनैखाले अवरोध नगर्न आग्रह गरे। सुकुम्बासीको व्यवस्थापन र मुआब्जाको विषयमा पनि सरकारले उचित ढंगले सम्बोधन गर्ने उनले जानकारी दिए। कार्यक्रममा स्थानीय भेरी–बबई डाइभर्सन जनहित समितिको तर्फबाट भेरीगंगा नगरपालिकाका नगर प्रमुख भूपेन्द्रबहादुर चन्दले मन्त्री पुनलाई २३ बुँदे मागपत्र बुझाए।

मागपत्रमा प्रभावित क्षेत्र र भेरी नदीको पानीको स्रोत क्षेत्रका जनताको घरघरमा विद्युत् पुऱ्याउनुका साथै हरेक घरधुरीलाई निःशुल्क सेयर उपलब्ध गराइनुपर्ने, स्रोत क्षेत्रका जनताको आर्थिक उन्नति, विकास निर्माण र रोजगारी कार्य सञ्चालनका लागि आयोजनाको विद्युत्बाट प्राप्त हुने आम्दानीको ५० प्रतिशत रकम छुट्याउने ग्यारेन्टी गरिनुपर्ने, सेतो पुर्जा पाएका र ऐलानी जमिन उपभोग गरिरहेका जनतालाई पनि समान रूपमा मुआब्जाको व्यवस्था गरिनुपर्ने लगायत माग राखिएका छन्।

श्रोत : नागरिक, २०७६/५/१७

## माथिल्लो सान्जेन जलविद्युत् आयोजना, असार मसान्तभित्र विद्युत् उत्पादन

रसुवा - रसुवामा निर्माण भइरहेको मा थल्लो सान्जेन जल वद्युत् आयोजनाले चालु आ र्थक वर्ष ०७६÷७७ भत्रै वद्युत् उत्पादन सुरु गर्ने भएको छ। आउँदो असार मसान्त भत्र वद्युत् उत्पादन गर्नेगरी कामलाई तीव्रता दिएको छ। आयोजनाको ८५ प्रतिशत भौतिक प्रगति भइसकेको छ। आयोजनाका अनुसार एक महिना भत्र पावर हाउसमा मे सनको स्टलेसनको काम सुरु हुने छ।

आयोजनामा कुनै पनि अवरोध नभएको र प्रर्याप्त रूपमा आवश्यक सामग्री तथा कामदार रहेका कारण कामले गति लएको आयोजना प्रमुख सुदन संह महतले जानकारी दिए। ‘आयोजनामा अहिले कुनै समस्या छैन,’ उनले भने, ‘यही गतिमा काम गर्न स कयो भने आउँदो असार भत्र वद्युत् उत्पादन सुरु गरिसक्छौं।’

१४.८ मेगावट क्षमताको यो आयोजना रसुवाको आमाछोदिङ्मो गाउँपा लका–५ च लमेमा निर्माण भइरहेको छ। अहिले आयोजनामा पेनस्टकमा पाइप जडान गर्ने, पावर हाउसमा सुपर स्ट्रक्चर निर्माण गर्ने र इन्टरफेसको काम च लरहेको छ।

आयोजनाको २०६८ असोज २३ गते वद्युत् खरिद सम्झौता (प पए) भएको थयो। १४.८ मेगावाट क्षमताको आयोजनाको चार सय ७४ मटर पेनस्टकमा पाइप राख्नुपर्नेमा एक सय मटर पाइप राख्न बाँकी छ। पेनस्टक पाइप राख्ने काम ७५ प्रतिशत स कएको आयोजनाले जनाएको छ।

आयोजना निर्माणका ला ग हालसम्म तीन पटकसम्म म्याद थप गरिएको छ। आयोजनाको २०७२ साउन १५ गते निर्माण सम्पन्न गर्ने लक्ष्य थयो। निर्धारित समयमा निर्माण सम्पन्न गर्न नसक्दा तीन पटकसम्म म्याद थप गरिएको आयोजनाले जनाएको छ।

आयोजनाको भू मगत सुरुङ एक हजार तीन सय मटर रहेको छ। स भल ठेकेदार इ सआई बज्रगुरुले आयोजना निर्माण गरिरहेको छ। स भल कार्यमा इ सआई बज्रगुरु जेभी, इलेक्ट्रोमेकानिकलमा चनियाँ ठेकेदार तोनफाङ इलेक्ट्रिक इन्टरनेसन कर्पोरेसन,

हाइड्रोमेकानिकलमा नेपाल हाइड्रो एन्ड इलेक्ट्रिक ल मटेड र प्रसारण लाइन निर्माणमा मुडभरी एन्ड जोशी कन्स्ट्रक्सन प्रा लले काम गरिरहेका आयोजनाले जनाएको छ।

स भलतर्फ ८५, इलेक्ट्रोमेकानिकलतर्फ ७५ र हाइड्रोमेकानिकलतर्फ ८० प्रतिशत काम सम्पन्न भएको आयोजनाले जनाएको छ। आयोजनाले पावर हाउसदे ख च लमे हबसम्म सात कलो मटर प्रसारण लाइन निर्माण गर्नुपर्छ। १३२ केभी क्षमताको प्रसारण लाइन निर्माणको काम च लरहेको छ।

श्रोत : नागरिक, २०७६/५/१७

# बूढीगण्डकीको सल्टियो

धादिङ - बूढीगण्डकी जल वद्युत् आयोजनाको डुबानमा पर्ने मुख्य बजार क्षेत्रको जग्गाको मुआब्जा निर्धारण गरिएको छ। धादिङको आरुघाट र खहरे तथा गोरखाको आरुघाट र आर्खेतको मुआब्जा दर निर्धारण गरिएको हो। दुवै जिल्लाको मुआब्जा निर्धारण स मतिको आइतबार राति बसेको संयुक्त बैठकले डुबानमा पर्ने जग्गालाई व भन्न समूहमा वर्गीकरण गरी मूल्य निर्धारण गरिएको हो। आरुघाट बजारतर्फ मुख्य सडकले छोएको ठाउँमा आनाको साढे दुई लाखदे ख सात लाख रूपैयाँसम्म, सहायक मार्ग भएका ठाउँमा आनाको दुई लाख २५ हजारदे ख तीन लाखसम्म, गोरेटो बाटोले छोएको जग्गालाई आनाको एक लाख ५० हजार र बाटो नभएको जग्गालाई आनाको ५० हजार रूपैयाँ मुआब्जा तो कएको छ।

गोरखाको आरुघाट क्षेत्रमा पाँच सय ३७ र आर्खेत क्षेत्रमा ७२ रोपनी जग्गाको े मुआब्जा निर्धारण गर्न बाँकी थयो। यस्तै, धादिङको खहरे क्षेत्रको दुई सय ४५ र आरुघाट वशालनगरको नौ सय १० रोपनी जग्गाको मुआब्जा निर्धारण गर्न बाँकी थयो।

मुख्य सडक, सहायक सडक, शाखा बाटोले छोएको, शाखा र मोटर बाटोले नछोएको लगायत पक्षलाई आधार मानेर मुआब्जा तो कएको मुआब्जा निर्धारण स मतिका संयोजक एवं प्रमुख जिल्ला अ धकारी आसमान तामाङले बताए। ‘जग्गाको प्रकृति र ठाउँ हेरेर मुआब्जा दर निर्धारण गरिएको छ,’ प्रजिअ तामाङले भने, ‘डुबानमा पर्ने जग्गाधनीले जग्गाको अवस्था हेरेर प्रतिआना न्यूनतम ५० हजारदे ख अ धकतम सात लाख रूपैयाँसम्म मुआब्जा पाउने व्यवस्था गरेका छौं।’ निर्धारण गरिएको दररेट अनुसार धादिङको आरुघाट बजारको जग्गालाई नौ क सममा वर्गीकरण गरी छुट्टाछुट्टै दर कायम गरिएको छ। मुआब्जाको वस्तृत ववरण बूढीगण्डकी जल वद्युत् आयोजना अन्तर्गतको वातावरण, मुआब्जा वतरण तथा पुनःस्थापना एकाइको कार्यालयमार्फत सार्वजनिक हुने भएकाले आफूले उपलब्ध गराउन नसक्ने प्रजिअ तामाङले बताए।

त्यस्तै, धादिङको खहरे बजारतर्फ मुख्य सडकले छोएको सय फटसम्मको जग्गालाई आनाको ९० हजारदे ख एक लाख २० हजारसम्म मुआब्जा तो कएको छ। सय फटको ‘रेन्ज’बाहिरको

जग्गालाई आनाको ५० हजार तो कएको तामाङले जानकारी दिए। खहरे बजारतर्फ पनि डुबानमा पर्ने जग्गालाई सात प्रकारको मुआब्जा दर रा खएको छ।

यससँगै रुखबिरुवा, पाटी–पौवा, घरगोठ सबैको छुट्टाछुट्टै मुआब्जा दिइने बूढीगण्डकी आयोजनाको मुआब्जा  वतरण तथा पुनःस्थापना एकाइले बताइसकेको छ। आरुघाट र खहरे बजार क्षेत्रबाहेक डुबानमा पर्ने अन्य क्षेत्रको घरगोठ र बोटबिरुवाको पनि लगत संकलन भइसकेको छ। आरुघाट र खहरे क्षेत्रमा मुआब्जा नतो कएको भन्दै लगत संकलन गर्नसमेत स्थानीयले अवरोध गरेका  थए।

नेपाल सरकारले घरगोठको मुआब्जा दिँदा ३० वर्षअघिसम्म निर्माण भएका घरको हकमा प्रतिवर्ष १.५ दे ख २.५ प्रतिशतसम्म ह्रासकट्टी गर्ने नियम छ। तर डुबान क्षेत्रका घरगोठको मुआब्जा  वतरण गर्दा पुनै पनि ह्रासकट्टी नगर्ने निर्णय गराउन मन्त्रिपरिषद्मा लेखेर पठाइएको प्रजिअ तामाङले जानकारी दिए।

बूढीगण्डकी आयोजनाबाट गोरखाको साबिक १४ र धादिङको १३ गा वस प्रभा वत हुनेछन्। प्रभा वत क्षेत्रको जग्गाको मुआब्जा गोरखातर्फ २०७३ मं सरमा र धादिङतर्फ त्यसै वर्षको पुसमा निर्धारण गरेर  वतरण था लएको  थयो। गोरखाको आरुघाट र आर्खेत बजार तथा धादिङको आरुघाट र खहरे बजारको मुआब्जा निर्धारण गर्न बाँकी राखी अन्य क्षेत्रको त्यतिबेलै टुंग्याइएको  थयो। व्यापारिक क्षेत्र भएका कारण पनि प्रभा वतले उ चत रूपमा मुआब्जाको माग राख्दा त्यतिबेला थाँती रा खएको  थयो।

सोमबार बिहान प्रमुख जिल्ला अ धकारीले हस्ताक्षर गरेपछि निर्धारित मुआब्जा  ववरण राजपत्रमा प्रकाशन भई लालपुर्जासहित मुआब्जा दाबी गर्न सूचना प्रका शत गरिनेछ। स्थानीयले भने मुआब्जा निर्धारणमा ढिलाइ भएको भन्दै चरणबद्ध रूपमा आन्दोलन गर्दै आएका छन्। यस क्षेत्रका बा सन्दाले प्रतिआना २५ लाख रकम मुआब्जा माग गरेपछि मुआब्जा निर्धारण ढिलाइ भएको  थयो।

आयोजना निर्माणका ला ग ५८ हजार एक सय ५३ रोपनी जग्गा अ धग्रहण गरिएको छ। बूढीगण्डकी आयोजनाको डुबानमा पर्नेमध्ये अहिलेसम्म ४४ हजार ६ सय ५८ रोपनीको २६ अर्ब ८४ करोड ४६ लाख ४९ हजार रूपैयाँ मुआब्जा  वतरण भइसकेको एकाइ प्रमुख कृष्ण कार्कीले बताए। 'ढिला गरी मुआब्जा निर्धारण भएको छ, अब तत्कालै नापजाँच गरेर मुआब्जा

वतरणको काम हुनेछ,’ उनले भने, ‘मुआब्जा निर्धारण भएपछि अब बजार क्षेत्रको करिब १७ सय ६४ रोपनी जग्गाको मुआब्जा  वतरण प्र क्रया सुरु हुनेछ।’

श्रोत : ऊर्जा खबर, २०७६/८/१७

## जल वद्युत् कम्पनीका अपूरा  ववरण

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत जलविद्युत् समूहका ३२ ओटा कम्पनीमा ५१ अर्ब ५१ करोड ९४ लाख ३१ हजार ४ सय रुपैयाँ स्वपूँजी लगानी भएको छ । बजार पूँजीकरण ९० अर्ब १२ करोड २१ लाख ४२ हजार ४ सय ८९ रुपैयाँ र कुल बजार पूँजीकरणमा ६ दशमलव ३७ प्रतिशत योगदान छ । (नेप्से, १५ मंसिर, २०७६) सूचीकरण भएका जलविद्युत् कम्पनी निर्माण सम्पन्न, निर्माणाधीन र निर्माण सम्पन्न भएर प्रसारण लाइनको अभाव झेलिरहेका गरी ३ प्रकारका छन् । जुनसुकै अवस्थाका भए पनि सूचीकृत कम्पनीले त्रैमासिक रूपमा सम्पूर्ण विवरण खोली प्रकाशन गर्नुपर्ने हुन्छ । तर, नेपाल धितोपत्र बोर्ड र विद्युत् नियमन आयोगले केके विवरण सार्वजनिक गर्नुपर्छ भनेर कुनै स्पष्ट खाका नदिँदा जलविद्युत् कम्पनीका विवरणमा एकरूपता आउन सकेको छैन । वित्तीय विवरण र अनुमति अवधि हरेक क्षेत्रमा विशिष्टीकृत नियामक नहुने, विशिष्टीकृत नियामक नहुँदैमा सूचीकरणमा नआउने वा आउन नहुने भन्ने हुँदैन्न र यस्ता कम्पनीको न्यूनतम नियमन र सुपरिवेक्षण शेयरबजारकै सर्वोच्च निकायले गर्नुपर्छ । नेपाल मात्र होइन, संसारभर नेपाल धितोपत्र बोर्ड (नाम फरक हुनसक्छ) सूचीकृत सबै कम्पनीको न्यूनतम नियामक र सुपरिवेक्षक हो । बोर्डले सूचीकरणमा जान अनुमति दिएपछि सूचीकरण र नियमनका शर्तमा पनि परिवर्तन गर्दै जानुपर्नेमा केही गरेन । बोर्डले केही गरेन तर, जलविद्युत्कै नियमन गर्न गठन भएको आयोगले पनि नियमन गर्न चासो देखाएझैं लाग्दैन । नेप्सेमा जतिओटा जलविद्युत् कम्पनी सूचीकृत छन्, त्यति नै थरी वित्तीय विवरण प्रकाशन भइरहनु यसको जल्दोबल्दो उदाहरण हो । यसमा एकरूपता हुनुपर्छ वा ल्याउनुपर्छ भन्ने सोच नआउँदा कम्पनीपिच्छेको आआपmनै वित्तीय प्रतिवेदन ढाँचा छ । यस्ता फरकफरक ढाँचाका प्रतिवेदनका कारण जलविद्युत् क्षेत्रका अध्येता एवम् लगानीकर्ताले तथ्यांक आधार (डाटाबेस) बनाउन सकेका छैनन् । जल राज्यको सम्पत्ति हो र जलविद्युत् विकास गर्न राज्यबाट अनुमति लिएर व्यवसाय (विकास) गर्नुपर्छ । जलविद्युत् विकासका लागि निर्माण अवधि ५ वर्षसहित ३५ वर्षको हुन्छ र त्यसपछि पूर्वाधारसहित राज्यलाई हस्तान्तरण गर्नुपर्छ । जलविद्युत् कम्पनीले प्रकाशन गर्ने त्रैमासिक प्रतिवेदनमा आयोजनाको बाँकी अवधि उल्लेख नहुँदा कुन आयोजनाको अवधि कति बाँकी छ भन्ने थाहा पाउन सकिने अवस्था छैन । त्यस्तै, निर्माणाधीन आयोजना पनि कुन चरणमा पुग्यो वा पुगेको छ भन्ने विशिष्टीकृत उल्लेखन नगरी ‘हाल आयोजना निर्माणको चरणमा रहेको छ’ भन्ने गोश्वारा वाक्य मात्र भेटिन्छ । जलविद्युत्का सिभिल (बाटो,

विद्युत् गृह, आवास भवन), हाइड्रोमेकानिकल (पेनस्टक, टर्वाइन) र इलेक्ट्रोमेकानिकल (जेनेरेटर लगायत) मूलतः तीनओटा मुख्य अवयव हुन्छन् । यी तीनओटा अवयव एकैसाथ निर्माण वा जडान कुनै हुनसक्छ, कुनै हुन सक्दैन । त्रैमासिक प्रतिवेदनमा यी तीनओटा अवयवको निर्माण प्रगति कुन के अवस्थामा छ कतै उल्लेख भेटिँदैन । त्यस्तै निश्चित दूरीसम्म आयोजना प्रवद्र्धकले नै प्रसारण लाइन निर्माण गरी विद्युत् पु¥याउनुपर्ने पनि हुन्छ । प्रसारण लाइनका के कति संरचना बने, कति बाँकी छ, कहिले पूरा हुन्छ भन्ने पनि कतै उल्लेख भेटिँदैन । विद्युत् विक्री र लगानी आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् किनबेच सम्झौता अर्थात् पावर पर्चेज एग्रिमेन्ट (पीपीए) गर्दा हरेक महीना यति–यति परिणाममा विद्युत् शक्ति (युनिट) उपलब्ध गराउने उल्लेख गरेका हुन्छन् । शेयर जारी गर्दा कुनैकुनै आयोजनाले विवरणपत्रमा हरेक महीना उपलब्ध हुने युनिटको तालिका उल्लेख गरेको भेटिए पनि सबैले उल्लेख गरेको भेटिँदैन । यसो हुनुको कारण अनुमति दिने बोर्डलाई केके विषय उल्लेख हुनुपर्छ भन्ने जानकारी नभएको वा 'चलिहाल्छ' भन्ने मानसिकता हो, बुझ्न सकिएको छैन । विवरणपत्रमा उल्लेख नगराउने बोर्डले त्रैमासिक प्रतिवेदनमा उल्लेख गर्न लगाउने प्रश्न कसरी उठोस् ? आयोगले समेत यस्तो जानकारी दिनुपर्छ भन्न सकेको छैन वा वास्ता गरेको छैन । त्रैमासिक विवरण प्रकाशन गर्दा हरेक महीना कति युनिट बिजुली कुन दरमा विक्री गरियो भन्ने महŒवपूर्ण जानकारीको खडेरी कहिलेसम्म देखिने हो, ईश्वरले जान्लान् तर, बोर्ड र आयोगले जान्ने सम्भावना तत्काललाई छैन । त्यस्तै, जलविद्युत् कम्पनीले अन्य कम्पनीमा पनि लगानी गरेका कुरा वासलातको 'लगानी' शीर्षकमा गोश्वारा रूपमा देखिन्छ । तर, कुनकुन कम्पनीमा कतिकति अंश (प्रतिशत) छ भन्ने विवरण कुनैकुनैले दिए पनि पूर्ण विवरण दिएको देखिँदैन । त्यस्ता लगानी भएका कम्पनीले विकास गरिरहेको आयोजना कुन चरणमा छन् भन्ने विवरण कतै भेटिँदैन । त्यस्तै, प्रवर्द्धित आयोजनाको पनि हस्तान्तरण अवधि कति बाँकी छ भन्ने नदेखिएको एउटा उदाहरण बुटवल पावर कम्पनीले लगानी गरेको हिमाल पावर लिमिटेड (खिम्ती पहिलो) हो । हिमाल पावरले आगामी सन् २०२० जुलाईमा आधा अंश सरकारलाई हस्तान्तरण गर्दै छ । बुटवल पावरको आम्दानीको मुख्य स्रोत हिमाल पावर हो । यी विवरण अहिलेसम्म पनि त्रैमासिक विवरणमा देख्न पाइएको छैन । मूल्य वृद्धिको सूचना विद्युत् आयोजनाले पीपीए गर्दा निश्चित पटक निश्चित वर्षसम्म मूल्य वृद्धि पाउँछन् । तर, यसको उल्लेख एकादुईले कताकति उल्लेख गरे पनि सबैले गरेको भेटिँदैन । अहिलेसम्मको अभ्यास हेर्दा आधार वर्ष (विद्युत् उत्पादन गर्न तोकिएको वर्ष) को दरभाउमा बढीमा ९ पटक ३ प्रतिशतका दरले मूल्य वृद्धि प्राप्त गर्छन् । तोकिएको समयमा व्यावसायिक उत्पादन नभएमा त्यसबाट मूल्य वृद्धिदर घट्ने कुरा पनि कतै उल्लेख हुँदैन ।

जलविद्युत् कम्पनीले प्रतिशेयर आम्दानी गणना गर्दा पनि त्रैमासिक आम्दानीलाई वार्षिकीकरण गरेर देखाउने गरेका छन्, जुन सर्वथा गलत विधि हो र यसमा ध्यान दिएका पाइँदैन । जलविद्युत्को मुख्य याम भनेको साउन, भदौ र असोज भएको हुँदा यतिबेलाको आम्दानी अन्य समयको भन्दा बढी हुन्छ । असोजसम्म (पहिलो त्रैमासिक) को आम्दानीलाई ४ गुणा गर्दै प्रतिशेयर आम्दानी देखाउने कार्य गलत हो भनेर बुझ्न सकेनन् भन्न मिल्ने ठाउँ छैन । अन्य नखुलेका विषय माथिका विभिन्न अनुच्छेदमा उल्लेख गरिएका मुख्यमुख्य विषयबाहेक अरू पनि हेर्दा साना तर, लगानी निर्णय गर्न सहयोगी हुने धेरै जानकारी सार्वजनिक हुने गर्दैनन् । जलविद्युत् आयोजनाले जलको उपयोग गरेबापत रोयल्टी तिर्नुपर्छ यसको दर पनि फरक हुँदै जान्छ । तर, यसको पनि उल्लेख गरिएको भेटिँदैन । त्यस्तै, यस्ता आयोजनालाई व्यावसायिक उत्पादन हुने भनेर तोकिएको मितिबाट १० वर्षसम्म आयकर पूरै छूट हुन्छ र त्यसपछि थप ५ वर्ष आधा आयकर लाग्छ र सोह्रौं वर्षबाट पूर्ण आयकर लाग्छ । त्रैमासिक विवरण सार्वजनिक गर्दा यस्ता विवरण पनि विरलै देखिन्छ । त्यस्तै, जलविद्युत् आयोजना निर्माण गर्दा ऋण पनि लिइएको कुरा वासलातमा देखिन्छ । तर, सामान्यजनले बुझ्ने भाषामा प्रकटीकरणमा यो त्रैमासिकमा यति बुझाइयो, अब यति बाँकी छ र आगामी त्रैमासिकमा यति बुझाइन्छ भन्ने उल्लेख हुँदैन । स्थानीय र संस्थापक शेयर निश्चित समयसम्म विक्री बन्देजमा रहेको हुन्छ । तर, यसको पनि उल्लेख कहिलेदेखि कहिलेसम्म हो र कति समय बाँकी छ यस्ता कुरा पनि प्रकट गरिएको पाइँदैन । आयोग कि आयो गयो ? जलविद्युत्मा नियामक चाहियो भनेर बेस्मारी चिच्याउने पनि अहिले आयोगलाई माथि उल्लिखित विषयमा प्रकटीकरण गर्न लगाऊ भन्न कोही पनि गएको देखिँदैन, बरु 'फलानोले बोलेर घटायो' भन्ने बेतुकको आक्रोश मात्र पोखेको देखिन्छ । आयोग पनि यस्ता कुरामा साह्रै दत्तचित्त भएर लागेको पनि देखिँदैन । माथि उल्लिखित कार्य गर्न त्यति ठूलो शक्ति लगाउनुपर्ने पनि देखिँदैन । चाहने नै हो भने यति कार्य गर्न १ हप्ता पनि लाग्दैन । तर, इच्छाशक्तिको कमी भयो भने 'आँगन परदेश हुन्छ' भन्ने भनाइ चरितार्थ भएको छ । आयोग साँच्चै 'आयोग' बन्छ कि 'आयो, गयो' बन्छ हेर्न बाँकी छ ।

श्रोत : **बिज खबर,** २०७६/८/१७

प्रदेश २ को विद्युत् चुहावट ११ प्रतिशतमा झारिने, वितरण केन्द्रहरुसँग कार्यसम्पादन सम्झौता

काठमाडौं । नेपाल वद्युत प्र धकरणले प्रदेश नं २ मा रहेको वद्युत् चुहावटलाई १० दशमलव ९७ प्रतिशतमा झार्ने भएको छ । प्रा धकरणले प्रदेश नं २ को प्रादे शक कार्यालय जनकपुरलाई चालु आ र्थक वर्ष २०७६/०७७मा वद्युत् चुहावटलाई १० दशमलव ९७ प्रतिशतमा झार्ने लक्ष्य दिएको हो । चालु आवको असोजसम्म प्रादे शक कार्यालयको औसत वद्युत् चुहावट १९ दशमलव ६१ प्रतिशत छ । प्रादे शक कार्यालय जनकपुरअन्तर्गत प्रदेश नं २ मा पर्ने ८ जिल्लाका २३ वतरण केन्द्रहरु छन् । तत्कालीन जनकपुर क्षेत्रीय कार्यालयअन्तर्गत रहेका सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, उदयपुर र सन्धुलीका वतरण केन्द्रहरुलाई सम्बन्धित प्रदेशका प्रादे शक कार्यालयमा समायोजन गरिएको छ । तत्कालीन हेटौंडा क्षेत्रीय कार्यालय अन्तर्गत रहेका पर्सा, बारा र रौतहट जिल्लास्थित वतरण केन्द्रहरुलाई जनकपुर प्रादे शक कार्यालयमा समायोजन गरिएको छ । कार्यालयअन्तर्गतका वतरण केन्द्रहरुको ग्राहक संख्या ८ लाख २४ हजार छ । तत्कालीन जनकपुर क्षेत्रीय कार्यालयको तीन वर्ष अघि (आव ०७२÷७३मा) ४७ प्रतिशत रहेको वद्युत चुहावट आव ०७३/७४,०७४/७५,०७५/७६मा क्रमश: ३६.५५, ३३ र २३ प्रतिशतमा झारिएको छ । वद्युत् बिक्रीबाट प्रा धकरणले आम्दानी गर्ने राजश्वको करिब २३ प्रतिशत हिस्सा प्रदे शक कार्यालय जनकपुरले संकलन गर्छ । कार्यालयअन्तर्गत सबैभन्दा बढी ४६ दशमलव ७६ प्रतिशत वद्युत् चुहावट रहेको धनुषास्थिति यदुकहा वतरण केन्द्रलाई २५ प्रतिशतमा झार्ने लक्ष्य दिइएको छ । त्यसपछि दोस्रो बढी ४४ दशमलव ७० प्रतिशत चुहावट रहेको बाराको कलैया वतरण केन्द्रलाई २५ प्रतिशतमा झार्ने लक्ष्य दिइएको छ । ४४ दशमलव १८ प्रतिशत वद्युत् चुहावट रहेको सराहाको लाहान वतरण केन्द्रलाई १९ दशमलव ७७ प्रतिशतमा झार्ने लक्ष्य दिइएको छ । प्रा धकरणले चालु आ र्थक वर्ष (आव) २०७६/७७ मा वतरणतर्फको वद्युत् चुहावट ८ दशमलव ५० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । प्रा धकरणले गत आ र्थक वर्ष २०७५/७६मा वतरणतर्फको ११ दशमलव २८ प्रतिशतको चुहावटलाई २ दशमलव ७८ प्रतिशत वन्दुले घटाएर ८ दशमलव ५० प्रतिशतमा झार्ने लक्ष्य तय गरेको हो । प्रा धकरणको व्यवस्थापनले मंगलबार वद्युत् चुहावट नियन्त्रण, राजश्व संकलन र ग्राहकसँगको सेवा प्रवाह सुधारमा केन्द्रित भई कार्यालयअन्तर्गतका वतरण केन्द्र प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गरेको छ । प्रा धकरणका कार्यकारी निर्देशक कुलमान घि सङसँग प्रादे शक कार्यालयका प्रमुख मनोजकुमार संहले कार्यसम्पादन सम्झौता गरेका हुन । वतरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक हरराज न्यौपानेसँग वतरण केन्द्र प्रमुखहरुले सम्झौता गरेका छन । प्रा धकरणले आफ्ना ७ प्रादे शक तथा दुई प्रदेश ड भजन कार्यालय र त्यसअन्तर्गत प्रत्येक वतरण केन्द्र प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गरिरहेको छ । प्रदेश नं १ र ३का प्रादे शक कार्यालयका प्रमुख र कार्यालयअन्तर्गतका वतरण केन्द्र

प्रमुखहरुसँग यसअघि नै सम्झौता भइसकेको छ । कार्यक्रममा कार्यकारी निर्देशक घि सङले तीन वर्ष भत्र शत्प्रतिशत  वद्युतीकरण गर्ने र पाँच वर्ष भत्रमा प्रतिव्यक्ति ऊर्जा खपत सात सय युनिट पुर्याउने सरकारको घोषणा कार्यान्वयन गर्नु प्रा धकरणको प्रमुख जिम्मेवारी रहेको बताए ।  वद्युत् खपत बढाउन  थ्र फेज  मटर प्रयोगमा प्रोत्साहन गर्न, ग्राहक केन्द्रित भएर सेवा प्रवाह गर्न, आफ्नो नैतिक लेखापरीक्षण आफैं गरी  वत्तीय अनुशासनमा रहन, चुहावट नियन्त्रणलाई प्रभावकारी अ भयान चलाउन, वक्यौता असुलीमा कडाइ गर्न र दिइएका लक्ष्य पूरा गर्न उनले निर्देशन दिएका छन । उनले  वद्युत् खपत बढाउन आफ्नो क्षेत्रमा रहेका सम्पूर्ण ट्रान्सफर्मरहरुमा  वद्युत्को लोड ५० प्रतिशतभन्दा मा थ नरहने गरी ट्रान्सफर्मर थप्प र स्तरोन्नति गर्न  वतरण केन्द्रहरुलाई निर्देशन समेत दिएका छन ।

श्रोत : **बिज खबर,** २०७६/८/१७

## सरकार नसु धृए जल वद्युतले बैं कङ क्षेत्र नै ध्वस्त बनाउँछ

कुनै समय वद्युतको अभावमा १८ घन्टासम्म लोडसे डङ् व्यहोर्नु पर्ने बाध्यता आम नेपालीलाई थयो । तर उत्पादित वद्युतको सही व्यवस्थापनले अहिले त्यो बाध्यता वगतको कथा भएको छ । आन्तरिक खपतका ला ग वद्युत करिब पर्याप्त हुने अवस्था अहिले आएपछि उत्पादित वद्युत के गर्ने चन्ताको वषय बन्न थालेको छ । स्वदेशी लगानीकर्ताले वद्युत उत्पादनमा निकै ठूलो लगानी गरिरहेको अवस्थामा नेपालको खासगरी जल वद्युत क्षेत्रको भ वष्य कस्तो हुन्छ त भनेर स्वतन्त्र उर्जा उत्पादक संघ(इपान)का अध्यक्ष शैलेन्द्र गुरागाईंसँग बिजखबरका रामराजा श्रेष्ठ र राङ्डोल लामाले गरेको कुराकानी : अहिले उत्पादित वद्युतले आन्तरिक माग पूरा हुँदैं गएको छ । थप आयोजनाहरु तयार हुँदैछन भने सयौं मेगावाट जल वद्युत उत्पादनको ला ग यहाँहरु ला गरहनु भएको छ । उत्पादित वद्युतको खपत बढाउने योजना पनि त होला ? हामी आजभन्दा १५ बर्ष अगा डदे ख यो अ भयानमा ला गरहेका छौं । हाईड्रोपावरमा हामीले एउटा छुट्टै संस्था पनि जन्मायौं । सुरुमा हाईड्रोमा मान्छेलाई कसरी आक र्षत गर्ने, लाईसेन्स कसरी सजिलो गरी लने, लाईसेन्स लएकालाई कसरी अध्ययन गर्ने, कसरी स्वदेशी लगानी र वदेशी लगानीलाई परिचा लत गर्ने, वदेशी लगानी कसरी ल्याउने कुराहरुमा सबै केन्द्रित थयौं । अहिले हाम्रो आवश्यकता भनेको बजार हो । नेपाल वद्युत प्रा धकरणका अनुसार तिहारको समयमा सबैभन्दा बढी खपत हुने भनेको १२ सय मेगावाट हो । यसमा १२ सय मेगावाट त बनिनै सक्यो । त्यसमा तीन हजार मेगावाटका आयोजना निर्माणधीन चरणमा छन् । त्यसमध्ये पनि एक हजार मेगावाट यो बर्ष भत्र सम्पन्न हुने तयारीमा छ । यो वद्युत खपत गर्न हामीसँग देश भत्र संयन्त्र बनिसकेको छैन । यो भनेको देशमा वद्युतको सुनामी आउनु जस्तै हो । यसलाई व्यवस्थापन गर्न सके उद्योगधन्दा चलाउन वा वदेशमा लगेर बेच्न सके देशमा समृद् ध आउँछ, देशले फड्को मार्छ, दोहोरो अंकको वकासमा हामी पुग्छौं । हामी जसरी इ थयो पयाको उदाहरण दिन्छौं, त्यसैगरी नेपालको उदाहरण वश्वले दिनेछ । तर, हामीले बिजुलीको व्यवस्थापन गर्न सकेनौं भने यो बिजुली सुनामी जस्तै हो । यसले हाम्रो अर्थतन्त्र, सरकार, देश, लगानी, बैंक, उद्यमी सबैलाई बगाएर ध्वस्त बनाउँछ । त्यसो भए यसको वकल्प के त ? सरकारले पनि आफ्नो तर्फबाट प्रयास गरिरहेको छ । जस्तै नेपाल र भारतबीच सम्झौता गरेर पावर ट्रेड ए ग्रमेन्ट भयो । यस्तै नेपाल र बंगलादेशबीच पनि पावर ट्रेड ए ग्रमेन्ट भएको छ र नेपाल र चीनबीच पावर ट्रेड ए ग्रमेन्ट भइसकेको छ । यसैको सम्भावना पहिल्याउन हामीले स्वतन्त्र उर्जा उत्पादक (इपान) मार्फत भारत र बंगलादेशको भ्रमण गर्यौं र त्यहाँको बजार बुझ्यौं । त्यहाँ पुगेर त्यहाँको नीति नियम बुझ्ने काम गरेका छौं । यसले के देखायो भने उनीहरुका नीति र हाम्रा नीतिमा केही नीतिगत कुराहरु सुधार गर्नुपर्ने छन् । अरु हामीलाई थुनछेक केही पनि छैन । यस्तै हामी निजीक्षेत्रले

पनि निर्यातका ला ग पहल गर्नुपर्छ भनेर पावर स मट पनि आयोजना गर्यौं । एक्स्पोर्ट मेकानिजम निर्माण गर्न हामीले गरेको पहलमा सबै निकायहरु र हाम्रो ला ग सम्भा वत बजार भनिएका देशहरु मञ्जुर पनि भएका छन् । अव पावर ट्रेड गर्नुपर्छ र पावर ट्रेड गर्दा भारतलाई समेट्नु पर्छ । यसो हुन सके बंगलादेशमा वद्युत निर्यात गर्न स कन्छ भन्ने कुरामा सबैको एक मत छ । मात्र नेपाल सरकारले के गरिदिनु पर्यो भने या त द्रूत गतिमा आफैंले यसको काम गर्नुपर्यो, वस्तारै गर्दै जाउला भनेर ल्याङल्याङ गरि रहने होईन । यदि नगर्ने हो भने तत्काल हामीलाई गर्न दिनुपर्यो । हामी निजी क्षेत्र ६ हजार मेगावाटको प पए गरेर बसेका छौं । र यो बनाउँछौं पनि । १८ हजार मेगावाटको अध्ययन गरेर तयारी अवस्थामा छ र त्यो पनि निर्माण गर्छौं । आफैं निर्माण गर्छौं, आफैं ट्रान्स मशन लाईन बनाउँछौं । सरकारलाई ट्याक्स तिर्छौं, भ्याट तिर्छौं, अनि ट्रान्स मशन लाईन भारत र बंगलादेश पुर्याउन पनि हामी आफैं संरचना बनाउँछौं र बेचेर ल्याएर त्यो पैसा नेपालको ढुकुटीमा भर्छौं । देशको समृद् धको ला ग सरकारले त्यो पैसाको सदुपयोग गरोस भन्ने हाम्रो चाहाना छ । हामी यसतर्फ अगा ड बढिरहेका छौं । तर, जुन पुरानो तरिका छ, त्यो परिवर्तन हुन जरुरी छ । तत्काल परिवर्तन हुन जरुरी छ । यसैले सरकारले तत्काल निर्णय गरेर अघि बढोस भन्ने हाम्रो आग्रह हो । हालै सम्पन्न पावर स मटले यसमा त्यस्तो केही समाधान पहिचान गर्यो ? अहिले हामीले देशलाई फाइदा हुने गरि वद्युत निर्यात गर्न स करहेको छैनौं । यो स मटले त्यसतर्फ वशेष उपलब्धि हा सल गर्यो । नेपाालको वद्युत खरीद गर्न भारत सरकार सहमत भयो । भारतका स चव, सहस चव, नियमन निकायका प्रमुख, त्यस्तै बंगलादेशका मन्त्री, भुटानका मन्त्री आएका थए । यी सबैले के गरे भन्दा हाम्रो यो क्षेत्रमा, देशहरुमा पावरको कमो डटीको रुपमा परिवर्तन गर्न एकआपसमा खरिदबिक्री गर्न हामी सहजीकरण गर्छौं भनेर सरकारी तवरबाट प्रतिबद्धता आएको छ । अब यसलाई व्यवस्थापन गर्ने भनेको सरकारको कानुनी रुपमा मेकानिजम जुन छ, भारत र नेपालको, भारत र बंगलादेशको, बंगलादेश र नेपालको, नेपाल-भारत–बंगलादेशका सरकारको, यसका निकायहरुको जुन कानुनी संयन्त्र छ, सरकारी, कानूनी संयन्त्र छ । यस्ता निकाय र संयन्त्रमार्फत यसलाई कार्यन्वयनमा ल्याउनुपर्छ । यो स मटले कार्यान्वयनको ला ग बाटो खोलेको छ । वद्युत निर्यातको निकै चर्चा भइरहेको छ अहिले । निर्यातका ला ग उपयुक्त पूर्वाधार तयार छ नेपालसँग ? पूर्वाधार भनेको भनेको के हो, ग्रीड भनेको के हो ? रे डमेड बजारमा भएको तार र रे डमेड भएका पोलहरुबाट तानेर बनाएको मात्रै हो । तर, अहिले जसरी चर्चा भइरहेको छ । यहाँ ठूलो हाउगुजी बनाएर कथा बनाईएको छ । तर, यो कुनै खोलो बाँधेर बिजुली निकाल्ने जस्तो कुरा होइन वा कुनै नयाँ बस्तु पेलेर बनाउने वा उत्पादन गर्ने जस्तो टेक्नोलोजीको कुरा पनि होईन । रे डमेड तार र पोल तान्नुपर्ने हो । त्यो पनि काँकड भट्टादे ख बंगलादेशसम्मको दूरी भनेको २५ कलो मटर मात्रै हो । हरेक दिन एक कलो मटर मात्रै बिजुली तान्ने पेटी कन्ट्याक्टर भेट्यो भने पनि २५ दिनमा स कने काम हो । त्यसैले हामीले यसलाई

हाउगुजी बनाउन जरुरी छैन । फेरि सरकारी क्षेत्रबाट सरकारले ईच्छाशक्ति राख्यो भने भारत सरकारको पनि सहमति छ । हामीले भारतमा ईन्डिया ईनर्जी एक्सचेन्ज  ल मटेडसँग त सम्झौता पनि गरेका छौं । त्यसले के गर्छ त भन्दा नेपालको बोर्डरदे ख बंगलादेशमा पुर्याउनको ला ग ट्रान्स मशन बनाउनको ला ग सहजीकरण गर्छ । सम्झौता भईसकेको छ । तर, नेपालबाट निर्यात गर्ने स्वीकृति हामीसँग छैन । हामीले त बोर्डरबाट एक्सपोर्ट र इम्पोर्टका ला ग स्वीकृति देउ, कागजमा एक लाईन लेखेर देउ भनेको मात्रै हो सरकारसँग । त्यसैले यसलाई मुख्य कुरा भनेको पो ल ससँग जोडेर हेर्नुपर्छ । यहाँहरु सरकारसँग निय मत छलफलमा हुनुहुन्छ, के छ सरकारको धारणा यस  वषयमा ? हामीहरुले यसका ला ग छुट्टै कम्पनी नै बनाएर अघि बढेका छौं । नेपेक्स भन्ने कम्पनी बनाएका छौं । त्यो कम्पनीले एप्लाई गर्यो । तत्काल जिएमआरले सम्झौता गर्यो । जसरी अहिले भारतमा लगेर बे चरहेको छ । त्यही कानुनलाई टेकेर हामीलाई लाईसेन्स देउ भनेर हामीले २० ओटा कम्पनी  मलेर संयुक्त रुपमा मागेको हो । तर सरकारले के भन्यो भने त्यो  वदेशीलाई मात्र दिने ऐन कानुन छ । स्वदेशीलाई दिने ऐन छैन भनेर भनेको छ । यो त कसैलाई कसैलाई काखा कसैलाई पाखा भनेजस्तो भएन र ?  वदेशीलाई काखा, स्वदेशीलाई पाखा भनेर पनि नभनौं । मैले त्यसो भनेको होईन । मैले के भनेको छु भने  वदेशीलाई चाहिं सबै सहु लयत छ, स्वदेशीलाई छैन भनेको हो ।  वदेशीलाई दिए जति स्वदेशीलाई पनि देउ, सक्छौ भने  वदेशीलाईभन्दा बढी देउ भनेको हो । जसरी  संगापुर, द क्षण कोरियाको उदारहण छ । त्यहाँ चाहिं स्वदेशीलाई बढी दिएको छ । हामीहरुले त्यस्तो मा गरहेका छैनौं । हामी स्वदेशी र  वदेशीलाई बराबर देउ भनेर भनिरहेका छौं । सानालाई अझ बढी देउ भनेर आएका छौं । त्यो कुरामा सरकार ठ्याक्कै उल्टोबाटो हिँ डरहेको छ । त्यसलाई सल्ट्याउन जरुरी छ । अनि मात्रै देशमा समृृद् ध आउँछ । अहिलेको नीतिले त  वदेशी चाहीं समृद्ध हुने भो, ठूलो समृृद्ध हुने भो । साना र स्वदेशी चै समृद्ध हुने भएनन् ।  वद्युत समयमै सदुपयोग गर्न स कएन भने, निर्यात भएन भने, समयमै आयोजनाहरु निर्माण भएनन् भने उर्जा क्षेत्रमात्र नभएर समग्र अर्थतन्त्र, बैं कङ क्षेत्र पनि धराशायी हुन्छ भन्ने चर्चा सुनिन्छ । वास्त वकता के हो ? अहिले निर्माण सम्पन्न भईसकेको आयोजनामा निजी क्षेत्रको तर्फबाट एक खर्बको लगानी भईसकेको छ । निर्माणधीन आयोजनामा ६ खर्बको प्रतिबद्धता फाईनान्सियल क्लोजर भएको अवस्था छ । कुल ७ खर्बको प्रतिबद्धता भईसकेको छ । त्यो जनताको  डपोजिट हो, जनताको लगानी हो । ईक्वीटी, प्रमोटर, पब्लिक सेयर भनेपनि जे भनेपनि त्यो जनताको लगानी हो । अहिले सरकारले यस्तै  वभेदकारी नियमहरु ल्याएको हुनाले नेपालीहरुले बनाएको आयोजनाहरु रुग्ण, जीर्ण अवस्थामा छन् । र यो अवस्थामा पुगेकालाई समयमै उपचार नगर्ने हो भने जसरी अहिले २५ ओटा आयोजना रुग्ण बनेका छन् । त्यहाँ ३५ ओटा छ, १० ओटा अझै आउन बाँकी छन् । दे खँदा लाज हुन्छ भनेर लुकेर बसेका छन । लुक्नुपर्ने केही आवश्यकता छैन । त्यसैले २ सय ओटा निर्माणाधीन अवस्थामा

रहेका आयोजनाहरु त्यहाँ पु गसके पछि के हुन्छ ? ति उद्यमीहरु र उद्योगको संकटमा पर्ने नै भए तिनलाई लगानी गर्ने बैंकहरु पनि त्यही अवस्थामा पुग्छन् । बैं कङ क्षेत्र जो खम हुनु भनेको समग्र नेपालको अर्थतन्त्र ध्वस्त हुनु हो । त्यो धेरै टाढा छैन, नजिक छ । उदारहणको ला ग अहिले एक खर्ब मात्रै बैंकको लगानीलाई असर गरिरहेको छ भने त्यो अर्को बर्ष ३ खर्ब हुन्छ । ३ खर्ब लगानीले सावाँ ब्याज तिर्न सकेन, कस्ता तिर्न सकेन भन्ने समाचार आएपछि हाम्रो जम्मा १५ खर्ब भएको बजेटमा यसले अर्थतन्त्र शून्यमा ल्याउँछ । हामी  व भन्न बिग्रेका देशका उदारहण दिन्छौं । यही अवस्था रहिरहे त्यो नेपालमा नै आउँछ । चाँडै आउँछ, आउने क्रममा छ । तर, अहिलेको समयमा हाम्रो देशको ला ग सबैभन्दा अवसरको समय हो । यो अवसर सदुपयोग गर्न जान्यौं भने हामीले पहिले  संगापुरको कुरा गर्थ्यौं नि नेपाल  संगापुर हुन्छ ।  वजुलीको कारणले हुन्छ । पहिले हामीले इ थयो पयाका कुरा गर्थ्यौ गरिबीको । अहिले इ थयो पयाको समृ्द् धको उदारहण दिन्छौं । मले सयाको महा थर मोहम्मद,  संगापुरका  ल क्वान यूको उदारहण दिन्छौं । यो नेपालमै दिन सक्ने नेतृत्व हुन सक्छ । यदि यो समय बु झदियो भने । र बु झदिनको ला ग ढिला भईसक्यो । छिटो भन्दा छिटो यसलाई एडजस्ट गर्नुपर्छ । यदि गरिएन भने यसले बैं कङ क्षेत्र त ध्वस्त बनाउने नै भयो, त्यसको साथै समग्र अर्थतन्त्रलाई नै असर गर्ने छ । यहाँहरुले हाईड्रोपावर भनिरहेको बेला  वश्व सोलार ईनर्जी, न्यू कलयर इनर्जीतर्फ गइरहेको छ । हामीले बजार भनेका देशहरुले पनि त्यतातर्फ प्राथ मकता दिन थाले भने हाम्रो हाईड्रोको अवस्था के हुन्छ ? त्यो एउटा पाटोबाट गफ गर्न पाईन्छ । बुझनु पर्ने कुरा के हो भने साउदी अरबमा हाईड्रो बनाइदैंन त्यहाँ तेल खन्ने हो । हामीसँग हाईड्रो अप्सन रे डमेड छ । खोलाको करेन्ट रे डमड छ । अब त्यसलाई मा थ तानेर बगाउनु पर्ने पनि होईन । अल्टरनेटिभ खोज्ने भनेको भान्सामा पाकेको भात नखाएर बजारमा गएर स्याण्डवीच कहाँ छ भनेर खोज्दै हिँडनु जस्तै हो । दाल र तरकारी भान्सामा तयार छ, चौरासी व्यन्जन तयार छ । तर, मलाई स्याण्डवीच खान मन लाग्यो भन्दै हिँडनुको कुनै तुक छैन । त्यसैले के बुझनु पर्छ भने यो अमेरिकाले के खोज्यो भनेर हेर्ने होइन । जोसँग जे छ त्यही खोज्ने हो नि । साउदीले ग्याँस खोज्छ । आफुसँग नभएको  चज खोजेर त पाईदैन । सोलारको  वषयमा भन्ने हो भने हामीलाई चाहिने बिजुली २४ घण्टा, सोलार जम्मा ८ घण्टा घाम लाग्ने हो अनि त्यसले हाम्रो आवश्यकता कसरी पूरा हुन्छ ? ८ घण्टा लाग्ने घामलाई प्राथ मकता दिएर २४ घण्टा बग्ने पानीलाई अवसर नदिने भनेको त त्यो भन्दा मुर्खता अरु के होला ? भनेपछि उत्पादन गर्न सके हामीलाई निर्यातको समस्या पर्दैन ? त्यो कस्तो हो भने हामीले धेरै आलु फलायो भने के गर्ने भनेको जस्तो कुरा हो । आलु त फलाउनु पर्यो पहिले, बजार त भयो त भारतमा १५ हजार मेगावाट, बंगलादेशमा ९ हजार मेगावाट नीतिगत रुपमा नै निर्णय गरिसकेको छ । कुन-कुनले कति दिने हो, देउ म  कन्छु भनेर भनिसकेको अवस्था छ । उनीहरुले यो भन्दा बढी के भन्नु पर्यो ? अहिले यहाँ छैन, अझै हामी भारतबाट २÷३ सय मेगावाट

बिजुली खरिद गरिरहेका छौं । अनि उनीहरु भन्छन–यहीबाट बिजुली लगेको छ ति महरु के बेच्छौं भनेर भनेको अवस्था छ । पहिले बनाउ, अनि कुरा गर्न आउ भनेर उनीहरुले भनिरहेका छन् । नेपाली उद्योगी त हामी कहाँ नै बजार छ भन्छन नि ? हाम्रो नेपालको बिजुली भनेको अहिले १२ सय मेवाको हो । माग जम्मा १२ सय मेवाको हो । त्यो पनि लक्ष्मीपूजाको दिन बर्षको एक दिन । अरु दिन त त्यो पनि होईन अरु बेला त एक हजार पनि होईन । त्यो पनि बेलुका २ घण्टा अरुबेला हाम्रो माग भनेको ७ सय मेगावाट मात्रै हो । बिजुली उत्पादन कति हुँदैछ ? अहिले एक बर्ष भत्र एक हजार थ पँदै छ । ग्याँस पनि दुई घण्टाको ला ग हो । ग्याँसलाई रिप्लेसमेन्ट गर्न ५ सय मेगावाट बिजुली भए पुग्दैन ? २० घण्टा बिजुली के गर्ने ? वद्युतीय सवारीले एक घण्टा खपत गर्ला । त्यसैले अहिलेको मागमा जतिसुकै टाउको फोरे पनि बढ्दैन, बढ्ला अहिले १२ सय छ अर्को बर्ष १३ सय होला । अर्को २ बर्ष पछि १४ सय होला ३ बर्ष पछि १५ सय होला । त्यो पनि पक समयमा मात्रै अरुबेला त उही ७ सय मेवा मात्रै हो खपत हुने । सरकारले सस्तो दरमा बिजुली दिए हामी खपत गर्न सक्छौ भनिरहेका छन् त उद्योगीहरुले ? अहिले उद्योगले १२÷१५ मा गरिरहेको छ । सस्तो भनेको के हो ? सत्तैमा त होईन होला । ४ रुपैयाँ ८० पैसामा त प्रा धकरणलाई बे चरहेका छौं । अर्को कन्ने मान्छे आयो भने हामी सबै दिन तयार छौं । भाषण गर्नु र यथार्थमा माग गर्नु फरक हो । ४ रुपैयाँ ८० पैसामा त प्रा धकरणलाई बे चरहेका छौ, ल उनीहरुले ५ रुपैयाँ दिन्छु भनोस न को जान्छ प्रा धकरणमा । त्यो उद्योगलाई बे चहाल्छौं । त्यो भन्दा सस्तो खोजेको हो भने त्यो उ चत भएन । यदि उनीहरुले ७÷८ रुपैयाँमा खोजेको हो भने हामीलाई बनाउन समय लाग्छ । कति बिजुली चाहिन्छ दिन तयार छौं । पीपीए भनेको वद्युत कन्ने ग्यारेन्टी हो त्यो उसले कन्छु भने पछि त्यही पीपीए भईहाल्यो नि । तपाईंले दुई हजार मेगावाट वद्युत खरिदको ला ग ६ रुपैयाँ होला, ल हामी त्यही पोईन्टमा ति मटर राखेर दिन्छौं । त्यसका ला ग उर्जा उद्यमी सक्षम छन ? अनि कन सरकारले ग्रड बनाईदिएन भनेर गुनासो गर्नुहुन्छ ? त्यसको ला ग हामी छुट्टै डे डकेटेड लाइन निर्माण गर्छौ । ट्रान्स मशन लाईन भनेको केही पनि होईन हाम्रो आयोजना सोलुमा भए पनि वीरगञ्जमा पुर्याउन कुनै गाह्रो हुँदैन । अहिले त हाम्रो ट्रान्स मशन लाईन बनाएर जोड्न पाउने प्रावधान छैन नेपालको ग्रीडमा । हाम्रो उत्पादनलाई सधै उद्योगमा जोड्न त खुला छ । अहिले हामीले मा गरहेको नेपालको वद्युत भारतमा बेच्ने भनेर त होईन । हामी हाम्रो उत्पादनलाई सधै भारतमा लगे पछि बंगलादेशमा लान देउ भनेर स्वीकृति देउ भनेको हो । उनीहरु आफु पनि बनाउन नदिने नेपाल भत्र उनीहरुको पनि जोडन नदिने अनि अर्कालाई पनि गर्न नदिने भयो अहिलेको नीति । नीतिगत रुपमा ईपान संस्था छदैंछ, सरकारले पनि प्राथ मकतामा राखेर स्वेतपत्र जारी गरेको छ त ? मान्छेको सोचमा परिवर्तन आउन गाह्रो हुने रहेछ । हामीले राजतन्त्र फाल्यौं राजाको ठाउँमा राष्ट्रपति ल्यायौं । तर, राणाकालीन संयन्त्र अझै यथावत छ । त्यहाँ अहिले पनि के छ भने एउटा फाईल एप्रुभ गर्नलाई धेरै वटा टेबल घुमाउनु

पर्ने छ । जब  क त्यो एकै टेबलमा एकै घण्टामा बसेर निर्णय  लन सक्ने कुराहरु छन । अहिले उदाहरणको ला ग हेजिंङको कुरा सुनिरहनभएको होला, के नाटक गरेको त्यो । दिन्छु पनि भनेको छ दिन्न पनि भनेको छ, के हो यो ? स लङ पनि तो कदिएको छ के गर्या यो ? वदेशी लगानी ल्याउने हो भने दिने  क नदिने भन्ने स्पष्ट हुनु पर्यो ।  क स्वदेशीलाई मात्र दिन्छु भन्नु पर्यो । अहिले जुन ढाँटेर चुनाव जित्ने प्रवृ त्त जस्तै यो ब्युरोक्रेसीमा पनि ढाँटने, छल्ने गर्ने प्रवृति  वद्यमान छ त्यो परिवर्तन गर्न जरुरी छ । यो परिवर्तन भएन भने निजी क्षेत्रले बनाएको बिजुलीका कारण सुनामी आउँदा जसरी सबै बगाएर समतल बनाउँछ त्यसरी नै सबै समतल बन्छ, त्यो दिन धेरै टाढा छैन ।

श्रोत : अनलाइन खबर, २०७६/८/१९

## बुटवलमा वद्युतीय बस एसेम्बल गर्ने सुन्दरको योजना

१८ मंसिर, बुटवल । नेपालमै पहिलोपटक विद्युतीय बस सञ्चालनमा ल्याएको सुन्दर यातायात प्रालि सञ्चालकहरुकै लगानीमा स्थापित सुन्दर अटो इन्जिनियरिङले बुटवलको औद्योगिक क्षेत्रमा विद्युतीय बस उत्पादन (एसेम्बल) गर्ने योजना बनाएको छ ।

बुटवलको मोतिपुरमा प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्रमा चीनको सिचुवान गुहाङ अटोमोबाइल्स र बीएके कम्पनी तथा सुन्दर यातायात प्रालिले संयुक्त रूपमा विद्युतीय बस उत्पादन गर्ने तयारी भएको हो ।

एक अर्ब रुपैयाँ लागतको उक्त परियोजना अघि बढ्न लागेको सुन्दर यातायात प्रालिका अध्यक्ष भेषबहादुर थापाले बताए । उनका अनुसार यसमा चिनियाँ कम्पनीले प्राविधिक किसिमको सहयोग गरेपनि प्रत्यक्ष वैदेशिक लगानी भने नल्याउने उनको भनाइ छ ।

आउँदो ६ महिनाभित्र एसेम्बलको शुरु गर्ने तयारी भएको थापाले बताए । 'हामी नेपालमै विद्युतीय बस एसेम्बल गर्छौं,' उनले भने,'यहाँ उत्पादन गर्दा देशले पनि फाएयदा पाउँछ भने नेपाली सडकलाई उपयुक्त बसहरु डिजाइन गरेर निर्माण गर्न सकिन्छ ।'

बस उत्पादन गर्दा चिनियाँ कम्पनी बीएकेबाट अहिले आईरहेकाभन्दा राम्रो गुणस्तर र सुविधा राख्ने योजना रहेको बताए ।

बुटवलमा पनि विद्युतीय बस

काठमाडौंमा विद्युतीय बस चलाइरहेको सुन्दर यातायात प्रालिले अबको रुपन्देहीमा पनि ६ वटा विद्युतीय बस सञ्चालनमा ल्याउने जनाएको छ ।

त्यसका लागि बुटवलको तीनकुनेमा शाखा कार्यालय स्थापना गरिसकेको छ । गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल र बुद्ध जन्मस्थल लुम्बिनीलाई मध्यनजर गरी काठमाडौं बाहिर पहिलोपटक रुपन्देहीबाट सेवा विस्तार गर्न थालिएको प्रालिका सञ्चालक डीआर घिमिरेले बताए ।

विद्युतीय बस डिजेल गाडी भन्दा पूर्ण वातानुकूलित सुविधायुक्त, आधुनिक र वातावरणमैत्री हुनुका साथै भाडा दर पनि २० प्रतिशत सस्तो हुने घिमिरले बताए ।

शाखा कार्यालयको उद्घाटन गर्दै सामाजिक विकास मन्त्री सुर्दशन वरालले बढ्दो ब्यापार घाटा कम गर्न र वातावरण संरक्षणका लागि पनि विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्ने सरकारको नीति रहेको बताए ।

स्वदेशमै उत्पादन हुने नवीकरणीय उर्जा (विद्युत) मार्फत चल्ने गाडी सञ्चालन गर्ने कम्पनीहरु आउनु स्वागतयोग्य भएको भन्दै मन्त्री बरालले सरकारले सहयोग गर्ने प्रतिवद्धता जनाए ।

सुन्दर यातायातले अहिले काठमाडौंमा चार वटा विद्युतीय बस सञ्चालन गरिरहेको छ भने छिटै ३० वटा पुर्‍याउने तयारी रहेको अध्यक्ष थापाले बताए ।

श्रोत : अन्नपूर्णा पोष्ट, २०७६/८/२२

## कुलमानलाई नास्ट प्रविधि पुरस्कार

काठमाडौं : नेपाल वज्ञान तथा प्र व ध प्रज्ञा प्रतिष्ठान (नास्ट)ले यस वर्षको ‘नास्ट प्र व ध पुरस्कार’ नेपाल वद्युत् प्रा धकरणका कार्यकारी निर्देशक इन्जिनियर कुलमान घि सङलाई प्रदान गरेको छ। वद्युत् आपूर्ति तथा मागको वैज्ञानिक तथा प्रा व धक व्यवस्थापन गरी देशलाई लोडसे डङमुक्त बनाउन योगदान पुर्‍याएबापत घि सङलाई यो पुरस्कार प्रदान गरिएको हो। पुरस्कारको रा श एक लाख रुपैयाँ नगद र सम्मान पत्र रहेको नास्टले जानकारी दिएको छ।

शक्षा तथा वज्ञान प्र व धमन्त्री एवं नास्टका सहकुलपति गरिराजम ण पोखरेलले नास्टको ३७ औं वा षकोत्सवको अवसरमा ल लतपुरमा शुक्रबार आयोजित एक कार्यक्रममा घि सङलाई पुरस्कृत गरेका हुन्। नास्टले हरेक वर्ष वज्ञान तथा प्र व धका व भन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका वैज्ञानिक प्रा व धको प्रोत्साहन तथा सम्मान गर्दै आएको छ। नास्टले वा षकोत्सवको अवसरमा अन्य व भन्न वधाका पुरस्कार पनि प्रदान गरेको थयो।

नास्टका प्राज्ञ प्राध्यापक डाक्टर जनार्दन ला मछानको पुरस्कार मूल्यांकन एवं छनोट स मतिले कार्यकारी निर्देशक घि सङलाई पुरस्कार प्रदान गर्न सफारिस गरेको थयो।

कार्यक्रममा मन्त्री पोखरेलले पुरस्कृत व्यक्तिको जिम्मेवारी थ पएको उल्लेख गर्दै जनताको अपेक्षालाई पूरा गर्ने गरी क्रयाशील रहन आग्रह गरे। कुलमान २०७३ को भदौमा चार वर्षका ला ग प्रा धकरणको कार्यकारी निर्देशकमा नियुक्त भएका थए। घि सङले कुशल व्यवस्थापनमार्फत मुलुकले व्यहोरिरहेको कहा ललाग्दो लोडसे डङको अन्त्य भएको छ।

श्रोत : बाह्रखरी२०७६/८/२१

## राष्ट्रिय गौरवका आयोजनाः प्रगति सन्तोषजनक

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहत रहेका राष्ट्रिय गौरवका आयोजनाको अवस्था सन्तोषजनक रहेको पाइएको छ । मन्त्रालय मातहत विभिन्न सातवटा आयोजना राष्ट्रिय गौरवका आयोजनामा सूचीकृत छन् ।

तीमध्ये पश्चिम सेती जलविद्युत् आयोजना लगानी बोर्डले संयोजन गरिरहेको छ । मन्त्रालय मातहतमा माथिल्लो तामाकोशी जलविद्युत् आयोजना, बूढीगण्डकी जलविद्युत् आयोजना, भेरी बबई डाइभर्शन आयोजना, बबई सिँचाइ आयोजना, रानी जमरा, कुलरिया सिँचाइ आयोजना र सिक्टा सिँचाइ आयोजना छन् ।

राष्ट्रिय गौरवका आयोजनाका रुपमा सूचीकृत माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले कूल ग्राहस्थ्य उत्पादनमा समेत थप एक प्रतिशतको योगदान पुर्याउने भएकाले त्यसको महत्व झनै बढी रहेको छ । हाल आयोजनाको कूल भौतिक प्रगति ९८.५ प्रतिशत रहेको छ । चालू आर्थिक वर्षको प्रथम चौमासिकमा आयोजनाको कूल भौतिक प्रगति ७६.५५ र वित्तीय प्रगति ७१.२५ प्रतिशत रहेको छ । मन्त्रालयले सो आयोजनाका लागि चालू आवको प्रथम चौमासिकमा रु दुई अर्ब ४६ करोड ३८ लाख बजेट उपलब्ध गराएको थियो ।

हाल आयोजनाको सबैभन्दा जटिल मानिएको ठाडो सुरुङमा पेनस्टक पाइप जडानको कार्य भइरहेको छ । अष्ट्रियाको निर्माण कम्पनी एन्ड्रिज हाइड्रोले तोकिएअनुसार काम गरे पनि भारतीय निर्माण कम्पनी टेक्सम्याकोको कार्यप्रगति भने कमजोर रहेको छ । आयोजनाको पहिलो युनिट आगामी चैतभित्र सञ्चालनमा ल्याउने तयारी छ भने पूर्ण रुपमा आयोजना चालू आवको अन्त्यसम्म सञ्चालनमा आउनेछ ।

यस्तै मन्त्रालयका अनुसार बूढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण ढाँचा तय नभए पनि आयोजना प्रभावितलाई मुआब्जा वितरण भइरहेको छ । मुआब्जा तय गर्न बाँकी रहेका गोरखाको आरुघाट तथा आर्खेत बजार तथा धादिङको खहरे बजारको मुआब्जा तय भएको छ । यही मङ्सिर १६ गते मुआब्जा तय भए पनि आयोजना प्रभावितले सरकारले तय गरेको मूल्य आफूहरुलाई स्वीकार्य नभएको भन्दै गुनासो गरिरहेका छन् ।

आयोजनाका चालू आर्थिक वर्षको पहिलो चौमासिकका रु ५६ करोड ६५ लाख बजेट विनियोजित थियो । आयोजनाका लागि हालसम्म रु २८ अर्ब ३४ करोड बराबरको रकम खर्च भइसकेको छ । डुबान क्षेत्रमा पर्ने ५८ हजार १५३ रोपनीमध्ये ४४ हजार ६५९ रोपनीको मुआब्जाबापत रु २६ अर्ब ८४ करोड ४६ लाख वितरण भइसकेको छ । बाँकी रहेको जग्गाको समेत चालू आवभित्रै मुआब्जा वितरण गर्ने तयारी रहेको छ ।

चालू आवको प्रथम चौमासिकमा कूल भौतिक प्रगति ६२।०९ र वित्तीय प्रगति ६२.०९ प्रतिशत रहेको छ । मुआब्जा निर्धारणको समस्या फुके पनि आयोजनाको पुनर्वास तथा पुनस्र्थापना नीति पारित नहुनु, लाभकर ताथ ह्रासकट्टी नगर्ने सम्बन्धमा नीतिगत निर्णय हुन नसक्दा जटिलता पैदा भएको छ । मुआब्जा लिएका नागरिकले लाभकर तिर्नु परेकामा गुनासो गर्दै आएका छन् ।

जलविद्युत् आयोजना भए पनि पश्चिम सेती जलविद्युत् आयोजना हाल लगानी बोर्डको संयोजनमा रहेको छ । आयोजनाको विकासका लागि चिनियाँ कम्पनी थ्री गर्जेजले प्रक्रिया अगाडि बढाउन नसक्ने जनाएपछि हालसम्म कुनै ठोस प्रगति हुन सकेको छैन । आयोजना विकासका लागि ढाँचा तय गर्न समिति गठन भए पनि त्यो समितिले समेत कुनै प्रभावकारी प्रतिवेदन दिएको छैन ।

यस्तै मन्त्रालय मातहतको भेरी बबई डाइभर्शन आयोजनाको पनि काम प्रभावकारी रुपमा अगाडि बढिरहेको छ । चालू आवको प्रथम चौमासिकमा रु ६३ करोड ५१ लाख बजेट विनियोजन भएकामा भौतिक प्रगति ३८.६ र वित्तीय प्रगति ११९.७६ प्रतिशत रहेको छ । आयोजनाको सुरुङ निर्माण सम्पन्न भई त्यसको मर्मत जारी छ ।

यस्तै विद्युत्गृह र बाँधस्थल निर्माणको काम शुरु भएको छ । विद्युत्गृह र बाँधस्थल निर्माणका लागि निर्माण व्यवसायी परिचालित भएको र बाँधस्थलको जग्गा प्राप्तिका लागि मूल्य निर्धारण भई मुआब्जा वितरणको काम शुरु भएको छ । आयोजनाका लागि वनको जग्गा प्राप्ति, रूख कटाइमा ढिलाइ, स्थानीय निर्माण सामग्रीको उपलब्धतामा समस्या देखिएको छ । आयोजनाको कूल लागत शुरुमा रु १६ अर्ब ४३ करोड ३० लाख रहेको थियो । बाँधस्थल र विद्युत् गृहसहित आयोजनाको संशोधित कूल लागत रु ३३ अर्ब १९ करोड ६६ लाख रहेको छ ।

त्यस्तै बबई सिँचाइ आयोजनाको चालू आवको प्रथम चौमासिकमा कूल भौतिक प्रगति ८०.२८ र वित्तीय प्रगति २४।८६ प्रतिशत पुगेको छ । सो अवधिका लागि कूल बजेट रु ३१ करोड चार लाख

रहेको छ । आयोजनाको मूल नहर निर्माण सम्पन्न भई २९ हजार ५०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुन पुगेको छ ।

यस्तै २२ किमी शाखा, उपशाखा नहरका लागि १५ प्याकेजमा निर्माण शुरु भएको छ । आयोजना आर्थिक वर्ष २०७९÷८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनामा जग्गा प्राप्ति, सञ्चालनसँगै विस्तार तथा सुधारका कार्य गर्नुपर्दा काममा ढिलाइ भएको छ । राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र आयोजना परेकाले मानव मेशिनरी सामग्री ढुवानी तथा आवागमनमा समेत समस्या परेको छ ।

त्यस्तै रानी जमरा, कलरिया सिँचाइ आयोजना र सिक्टा सिँचाइ आयोजनाको भने प्रगति आशातीत् रुपमा राम्रो रहेको छ । चालू आवको प्रथम चौमासिकमा रानी जमराको भौतिक प्रगति ८१.२९ र वित्तीय प्रगति ८३.२७ प्रतिशत रहेको छ ।  आयोजनामा जग्गा प्राप्तिमा समस्या रहेको छ । सिक्टाको हकमा भौतिक प्रगति ८०.१६ र वित्तीय प्रगति ६१.८७ प्रतिशत रहेको छ । आयोजनामा नहर रेखाङ्कन तथा जग्गा अधिग्रहणमा अवरोध, वन तथा निकुञ्ज क्षेत्रमा नदीजन्य पदार्थ, निर्माण सामग्री गिट्टी, ढुङ्गा, बालुवाको आपूर्तिमा कठिनाइ रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले राष्ट्रिय गौरवका आयोजनाको प्रगति अरूको भन्दा बढी हुनुपर्ने, आयोजना प्रमुख आयोजनास्थलमा रहनुपर्ने र कार्यसम्पादन करार सम्झौताअनुसार काम गर्न स्पष्ट निर्देशन दिएका छन् । प्रथम चौमासिकमा प्रगति सन्तोषजनक भएपनि अन्य चौमासिकमा उल्लेख्य प्रगति देखिनुपर्ने उनको जोड छ । रासस

श्रोत : **बिज खबर**,२०७६/८/२२

# ढल्केबर सबस्टेसन निर्माण अन्तिम चरणमा, समयमै सम्पन्न गर्न कुलमानको निर्देशन

काठमाडौं । मुलुक भित्रको प्रसारण प्रणालीलाई सुदृढीकरण तथा नेपाल र भारतबीचको विद्युत व्यापारका लागि धनुषामा निर्माणाधीन ४ सय केभी ढल्केबर सबस्टेसनको काम अन्तिम चरणमा पुगेको छ । पुस भित्र निर्माण सम्पन्न गरी संचालन गर्ने (चार्ज)लक्ष्यका साथ तिव्र गतिमा काम भईरहेको जिआइएस प्रविधियुक्त स्वचालित सबस्टेसनको काम अन्तिम चरणमा पुगेको हो । मुलुक भित्र पूर्व–पश्चिम विद्युत आपूर्ति र भारतसँग विद्युत व्यापारका लागि ढल्कबेर सबस्टेसन ठूलो हब बन्ने छ । सबस्टेसन चार्ज भएपछि नेपाल–भारतबीच करिब एक हजार मेगावाट विद्युत् आयात निर्यातका लागि पूर्वाधार तयार हुनेछ । साथै ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा सहज रुपमा प्रवाह गर्न र मुलुक भित्र खपत हुन नसकेको विद्युत् भारत निर्यात गर्न सकिने नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । 'सबस्टेसनमा रहने ट्रान्सफर्महरको क्षमता ९ सय ४५ केभीए छ, २ सय २० केभी प्रसारण लाइनमार्फत ढल्केबर सबस्टेसनमा आएको विद्युत्लाई त्यहाँबाट आन्तरिक खपतका लागि पूर्व र पश्चिम पठाउन सकिन्छ । वर्षायाममा बढी भएको खण्डमा ढल्केबर–मुजफ्फपुर ४ सय केभी क्रसबोर्डर प्रसारण लाइनमार्फत भारतमा सधै निर्यात गर्न सकिन्छ',उनले भने, 'हिउँदमा आवश्यक परेमा न्यूनतम ६ सय मेगावाट आयात गर्न सकिन्छ भने दुई मुलुकबीच इनर्जी बैकिङ गर्न समेत बाटो खुल्ने छ ।' दुई मुलुकबीच इनर्जी बैकिङ गर्ने सैद्धान्तिक सहमति भइसकेको छ । ढल्केबर–मुजफ्फपुर ४ सय केभी क्रसबोर्डर प्रसारण लाइने २ सय २० केभीमा संचालनमा छ । ढल्केबरमा ४ सय केभीको सबस्टेसन निर्माण सम्पन्न भएपछि यो लाइन ४ सय केभीमा संचालन हुने छ । माथिल्लो तामाकोसीबाट असार भित्रमा विद्युत उत्पादन गर्ने लक्ष्यका साथ काम भइरहेको छ । आयोजनाबाट उत्पादित विद्युत्लाई दोलखाको गोंगरबाट २ सय २० केभी डबल सर्किट प्रसारण लाइनमार्फत खम्ती हुँदै ढल्केबर ल्याइने छ । यसका लागि आयोजनाले गोंगर–खम्ती प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुर्याएको छ । खम्ती– ढल्केबर प्रसारण लाइन यसअघि नै संचालनमा आइसकेको छ । सबस्टेसनको कन्ट्रोल रुम रहने भवनसहित अन्य उपकरणहरु रहने भौतिक संरचनाको निर्माण अन्तिम चरणमा पुगेको छ । सबस्टेसनमा

रहने तीन वटा ट्रान्सफर्मरमध्ये एउटा निर्माणस्थलमा आइसकेको छ । बाँकी दुई वटा एकहप्ता भित्र आयोजनास्थलमा ल्याइस कने छ । यसैगरी, ८० एमभीएआर क्षमताको रियाक्टर पनि ल्याइस कएको छ । अन्य उपकरणहरु निर्माणस्थलमा आइसकेका छन् । उपकरणहरुको जडान धमाधम भइरहेको छ । सबस्टेसनमा ३ सय १५ एमभीएका तीन वटा गरी ९ सय ४५ एमभीए क्षमताको ट्रान्सफर्मर रहने छन् । जसले करिब ९ सय मेगावाट वद्युत्लाई प्रसारण गर्न सक्दछन् । नेपाल सरकार र वद्युत प्रा धकरणको करिब दुई अर्ब रुपैयाँ लगानीमा निर्माणाधीन ४००÷२२० केभीको ढल्केबर सबस्टेसन ४ सय केभी प्रणालीमा आधारित नेपालकै पहिलो सबस्टेसन हो । सरकारले बजेटमार्फत आगामी आ र्थक वर्ष भत्रमा ४ सय केभीको ढल्केबर सबस्टेसन निर्माण सम्पन्न गरी संचालनमा ल्याउने घोषणा गरेको छ । निर्देशक कुलमान घि सङले मंगलबार निर्माण कार्यको स्थलगत निरीक्षण गरी तो कएकै समयमा सम्पन्न गर्न आयोजना व्यवस्थापन र ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन । 'सबस्टेसन रहने तीन वटा ट्रान्सफर्मरमध्ये कम्तिमा पनि एउटा पुस भत्र (डसेम्बर २०१९) भत्र चार्च गरिसक्नु पर्छ, यसका ला ग काम गर्ने जनशक्ति थप्नुहोस्',उनले निर्देशन दिए । सबस्टेसन निर्माण भारतीय कम्पनी एबीबी र परामर्शदाताको काम नेपाली कम्पनी एनईए इन्जिनियिरिङले गरिरहेको छ । प्रा धकरण र कम्पनीबीच सबस्टेसन निर्माणका ला ग ८ डसम्बर २०१७ मा ठेक्का सम्झौता भएको थयो । प्रा धकरणले मकवानपुरको हेटौंडा र सुनसरीको इनरुवामा पनि ४००÷२२० केभीको सबस्टेसन निर्माण गरिरहेको छ । उत्पादित वद्युतको आन्तरिक खपत एवं द् धपक्षीय तथा क्षेत्रीय वद्युत व्यापार प्रवद्र्धन ला ग आन्तरिक प्रसारण एवं वतरण र अन्तरदेशीय प्रसारण प्रणालीहरुको वस्तार तथा सदृढीकरण गरिएको हो ।

श्रोत : **बिज खबर**,२०७६/८/२२

# तनहुँ जल वद्युत् आयोजनाको निर्माण तीव्र गतिमा, 'टनेल पोर्टल'को वस्फोटको तयारी

काठमाडौं । एक सय चा लस मेगावाट क्षमताको तनहुँ जल वद्युत् आयोजनाको वद्युत् गृह निर्माणको कामले तीव्रता पाएको छ । आयोजनाको प्याकेज दुईअन्तर्गतको सुरुङ, वद्युत् गृह निर्माण र हाइड्रो तथा इलेक्ट्रो मेकानिकल उपकरण आपूर्ति जडानको ठेक्का पाएको सनो हाइड्रोले ऋ षङ गाउँपा लका-१ स्थित झापुटारमा पहुँच मार्ग, कार्यालय भवन, श्र मक आवास क्षेत्रलगायत कामलाई तीव्रता दिएको हो । वद्युत् गृहसम्म पुग्ने पहुँच मार्ग निर्माणका ला ग कामदार परिचा लत भएको तनहुँ जल वद्युत् आयोजनाका साइट इन्चार्ज वदुर अ धकारीले जानकारी दिए । उनकाअनुसार हाइड्रोले बाँध स्थलको 'टनेल पोर्टल'को वस्फोटको तयारीसमेत गरेको छ । सनो हाइड्रोले आयोजनाको पहुँच मार्गसम्म पुग्न एक हजार १०० मटर ड्र्याक खो लसकेको छ भने ४०० मटर ड्र्याक खोल्न बाँकी रहेको छ । आयोजनाको पहिलो प्याकेजअन्तर्गतको ठेक्का पाएको सएमसीसँग ठेक्का रद्द भएर पुनः बोलपत्र आह्वान भएपछि बोलपत्र मूल्याङ्कन गर्ने काम भइरहेको छ । बाँधलगायत पहिलो प्याकेजका संरचना निर्माणका ला ग आयोजनाले पुनः बोलपत्र आह्वान गरेको थयो । त्यसका ला ग १९ कम्पनीले चासो देखाए पनि चारवटा कम्पनीले बोलपत्र पेश गरेका थए । आयोजनाका ला ग आवश्यक क्याम्प तथा वद्युत् गृहको पहुँच मार्ग निर्माणका ला ग १५० रोपनी क्षेत्रफल जग्गा अ धग्रहण गरिएको छ । बाँधस्थलको पहुँच मार्गका ला ग ५० रोपनी र जलाशय क्षेत्रका ला ग एक हजार २३० रोपनी जग्गा अ धग्रहण भइसकेको आयोजनाले जनाएको छ । बाँधस्थलको पहुँच मार्गका ला ग थप १० र जलाशय क्षेत्रका ला ग थप पाँच प्रतिशत जग्गा अ धग्रहण गर्न बाँकी छ । पुसको दोस्रो साता ( डसेम्बर २०१९) भत्रमा आयोजना स्थलमा निर्माण व्यवसायी कम्पनी परिचालन गर्ने तयारी था लएको छ । पहिलो संरचना निर्माणका ला ग इटाली कम्पनी सएमसीसँग भएको ठेक्का सम्झौता रद्द गरिएपछि तनहुँ हाइड्रोपावरले गत वैशाख १२ गते पुनः अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थयो । निर्माण व्यवसायी कम्पनीले आयोजनाको एक सय चा लस मटर अग्लो कङ्क्रट बाँध, नदी फर्काउने दुईवटा सुरुङ, अस्थायी बाँधलगायतका संरचना निर्माण गर्नेछ । पहिलो प्याकेजको संरचना निर्माणका ला ग दातृ निकायहरु ए शयाली वकास बैंक (ए डबी) र युरोपेली लगानी बैक (इआइबी)को सहु लतपूर्ण ऋण परिचालन हुनेछ । आयोजनाको तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चतवनको भरतपुरसम्म २२० केभीको डबल स र्कट प्रसारण लाइन निर्माणका ला ग भारतीय कम्पनी केइसीसँग ठेक्का सम्झौता भइसकेको छ । कम्पनी आयोजना स्थलमा परिचालन भई प्रसारण लाइनको सर्वेक्षण गरिरहेको अवस्था छ । आयोजनाका ला ग एक सय चा लस मटर बाँध, एक हजार १६२ मटर र

७४ मटरको मुख्य सुरुङ, ८९ मटर लम्बाई, २२ मटर चौडाई र ४४ मटर उचाइ भएको भू मगत वद्यृत् गृह निर्माण गरिनेछ । खुद उचाइ १२१ मटर रहने आयोजनाबाट सुख्खायाममा १७८।९० मेगावाट र बर्खायाममा ३२३।६८ मेगावाट ऊर्जा उत्पादन गर्नेछ । आयोजनाको कूल लागत अमेरिकी डलर ५० करोड ५० लाख (प्रसारण लाइन, ग्रामीण वद्युतीकरण तथा निर्माण अव धको ब्याजसमेत) रहेको छ । यसमध्ये ए डबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले १८ करोड ४० लाख, इआइबीले आठ करोड ५० लाख र नेपाल सरकार तथा नेपाल वद्युत् प्रा धकरणले आठ करोड ७० लाख अमेरिकी डलर व्यहोर्ने गरी वत्तीय व्यवस्थापन गरिएको छ । आयोजनाको वद्यृत् गृह निर्माणका ला ग २८ करोड ८० लाख डलर, प्रसारण लाइन तथा सबस्टेशन निर्माणका ला ग एक करोड ५० लाख डलर, ग्रामीण वद्युतीकरणका ला ग आठ म लयन डलर, जग्गा प्राप्ति तथा पुनस्र्थापनाका ला ग तीन करोड डलर, वातावरण व्यवस्थापनका ला ग दुई करोड १० लाख डलर, पूर्वाधार निर्माण तथा भन्सार एवं कर प्रयोजनका ला ग चार करोड ६० लाख डलर, आयोजना व्यवस्थापन तथा सामुदायिक कार्यक्रमका ला ग दुई करोड ५० लाख डलर खर्च हुने अनुमान छ । यसका ला ग सम्बन्धित दातृ निकायहरु र नेपाल सरकारबीच ऋण सम्झौताहरु तथा नेपाल सरकार र प्रा धकरण एवं प्रा धकरण र यस कम्पनीबीच सहायक ऋण सम्झौताहरु सम्पन्न भइसकेका छन् । आयोजनाको समग्र निर्माण २०८१ को असार दोस्रो साता भत्र (जुन २०२४) सम्पन्न गर्ने लक्ष्य रहेको छ । रासस

श्रोत : **बिज खबर,** २०७६/८/२२

## एमभी दुगड़ ग्रुपको जल वद्युतमा फड्को, लखु-एको भू मगत संरचनाको निर्माण ८ महिनामै सम्पन्न

काठमाडौं । प्रतिष्ठित व्यवसायिक घराना एमभी दुगड़ ग्रुपद्धारा प्रर्वद् धत लखु-एको सुरुङ तथा सवै भू मगत संरचनाको निर्माण ८ महिनामै सम्पन्न भएको छ । सोलुखुम्बु र रामेछाप जिल्लाको समाना भई बग्ने लखु नदीमा नेपालकै पुरानो र प्रतिष्ठीत औद्यो गक घराना एमभी दुगड़ ग्रुपद्धारा प्रवद्र् धत ३ वटा जल वद्युत आयोजनाहरु निर्माणको क्रममा रहेका छन् । निर्माणधीन आयोजना मध्येको सोलुखुम्बु जिल्लामा नुम्बुर हिमालय हाईड्रोपावर प्रा लद्धारा निर्माणाधीन २९ दशमलव ४ मेगावाट वद्युत क्षमताको लखु-ए जल वद्युत आयोजनाको २ दशमलव ५ कलो मटरको सुरुङ्ग तथा सवै भू मगत संरचनाहरुको निर्माण कार्य ८ महिना भत्रै सम्पन्न भएको छ । यो नै जल वद्युत आयोजना निर्माणको इतिहासमा छोटो समयमा सुरुङ्ग निर्माण पूरा भएको हुनसक्ने बताउँदै कम्पनीले निर्माणका क्रममा कर्मचारी तथा मजदूरहरुको निरन्तर मेहनतको प्रशंशा गरेको छ । 'नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार, स्थानिय प्रशासन, सरकारी र गैह्सरकारी निकायहरु, स्थानिय जन समुदायहरु, राजनीतिक दलहरु, पत्रकारहरु, कम्पनीका कर्मचारीहरु लगायत सम्पूर्ण वर्गको सदाझै कम्पनीले आवश्यक सहयोग, सदभाव र माया पाएमा लखु-ए जल वद्युत आयोजनाबाट आगामी २०७७ आषाढ महिना अगावै वद्युत उत्पादन गरी उक्त वद्युत देवीटारस्थित राष्ट्रिय प्रशारण लाईन न्यू खम्ती वद्युत सव स्टेशनमा जो डने छ र यसका लागी नै कम्पनीका कर्मचारीहरु अहोरात्र खटिरहेका छन', कम्पनीद्धारा जारी वज्ञप्तिमा छ । । त्यस्तै गरी लखु नदीमा ग्रुपद्धारा प्रवद्र् धत अन्य दुई जल वद्युत आयोजनाहरु ५१ मेगावाट क्षमताको लखु-२ र ७७ मेगावाट क्षमताको लखु-१ जल वद्युत आयोजनाहरु समेतको द्रुत गतिमा निर्माण कार्य भईरहेको ग्रुपका अध्यक्ष मोतीलाल दुगडले बताए । एम.भी.दुगड़ ग्रुप द्धारा लखु नदीमा प्रवद्र् धत तीनवटै परियोजनाहरुको ज डत क्षमता १५८ मेगावाट हुनेछ । तीनवटै परियोजनाको पहुुँच मार्गलगायत स्थानिय जनसमूदायसमेतको ला ग परियोजनाले आफ्नै खर्चमा न्यूनतम २० फुट चौडा र १२ महिना नै चल्न सक्ने ढंगले सडकको डजाईन गरी नयां सडकलगायत सडकको स्तरोन्तिसमेत गरी लगभग १२५ कलो मटर सडक निर्माण गरेको छ । यस्तै कन्स्ट्रक्सन पावरको ला ग परियोजनाले ३३ के भ क्षमताको लगभग ४५ कलो मटर लामो ट्रान्स मसन लाईन आफ्नै खर्चमा निर्माण गरिसकेको समेत जानकारी दिएको छ । यी परियोजनाहरुमा ' वदेशी प्रत्यक्ष लगानी' (एफडीआई) समेत आउने गरी लगानी सम्झौता समेत भई आवश्यक स्वीकृतिको ला ग सम्वन्धित निकायमा प्र क्रयामा रहेको वज्ञप्तिमा छ ।

श्रोत : ऊर्जा खबर, २०७६/८/२२

## न्यादीको ८५ प्रतिशत निर्माण पूरा, बैशाखदे ख वद्युत उत्पादन

काठमाडौं । लमजुङमा निर्माणधीन ३० मेगावाटको न्यादी जलविद्युत आयोजना ८५ प्रतिशत पूरा भएको छ । २०७३ चैत्रबाट न्यादी हाइड्रोपावर कम्पनीले निर्माण सुरु गरेको आयोजना अन्तिम चरणमा पुगेको हो । बाँध क्षेत्रका संरचना निर्माण सुरु गरिएको आयोजनाका इन्जिनियर बिक्रमध्वज शाहीले बताए । उनका अनुसार ३.८४ किलोमिटर लामो मूख्य सुरुङको ढलानको काम पनि अन्तिम चरणमा पुगेको छ । यस्तै, विद्युतगृहको सिभिल संरचना निर्माण सम्पन्न भई इलेक्ट्रोमेकानिकल उपकरण जडान भइरहेको छ । विद्युतगृहमा उपकरण जडानको काम अबको एक महिनाभित्र सम्पन्न गर्ने लक्ष्य छ । बुटवल पावर कम्पनी (बिपिसी) को सहायक कम्पनीले निर्माण गरिरहेको आयोजनाबाट २०७७ बैशाख ६ गतेदेखि विद्युत उत्पादन सुरु हुनेछ । यसअघि आगामी चैत्रभित्र उत्पादन सुरु गर्ने तालिका भए पनि आयोजना सम्पन्न नहुने हुँदा अवधि लम्बिएको हो । आयोजना सम्पन्न भइ सञ्चालनमा आउँदा वार्षिक १६८.५५ गिगावाट घन्टा विद्युत उत्पादन हुनेछ । आयोजनाबाट उत्पादन हुने विद्युत वैकल्पिकरूपमा १३२ केभी भुलभुले–मस्र्याङदी प्रसारण लाइनमार्फत प्रणालीमा जोडिने भएको छ । नेपाल विद्युत प्राधिकरणले आयोजनाले विद्युत उत्पादन सुरु गर्ने अवधिमा २२० केभी मर्स्याङ्दी कोरिडोरको खुदी सबस्टेसनको काम सम्पन्न गर्ने अवस्था नरहेकाले वैकल्पिक लाइनमा जोडिने कम्पनीले जनाएको छ । आयोजना सम्पन्न गर्न करिब ६ अर्ब ४ करोड २८ लाख रुपैयाँ खर्च हुने अनुमान छ । आयोजनामा एभरेष्ट बैंकको अगुवाईमा नबिल, ग्लोबल आइएमई, हिमालय, सनराइज बैंक र हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीले ऋण लगानी गरेका छन् । आयोजनाले सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय क्षेत्रको पूर्वाधार विकासका काम पनि गरेको छ । अहिलेसम्म पूर्वाधार विकासको क्षेत्रमा २ करोड रुपैयाँ आयोजनाले लगानी गरिसकेको 'पब्लिक रिलेशन अधिकृत' विजय गुरुङले बताए । उनका अनुसार स्थानीय पूर्वाधार विकासमा आयोजनाले लगानी थप गर्नेछ ।

श्रोत : ऊर्जा खबर, २०७६/८/२२

## साढे ४ वर्षपछि माथिल्लो भोटेकोसी सञ्चालन, २ सातामा व्यावसायिक उत्पादन

काठमाडौं । ४५ मेगावाटको माथिल्लो भोटेकोसी जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । २०७२ बैशाखकाे भूकम्पले संरचनामा क्षति पुर्याउँदा बन्द भएकाे आयोजना साढे ४ वर्ष ( ४ वर्ष ८ महिना) पछि सञ्चालनमा आएकाे हाे । क्षतिग्रस्त संरचना पुनर्निर्माण गरेर सञ्चालनमा ल्याइएकाे हाे । आयोजनाबाट शनिबार मध्यान्हदेखि परीक्षण उत्पादन सुरु भएको प्रवर्द्धक भोटेकोसी पावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत बिक्रम स्थापितले बताए । उनकाअनुसार अहिले २५ मेगावाट हाराहारीमा विद्युत उत्पादन भइरहेको छ । पूनर्निर्माण थालेको २ वर्षमा आयोजना सम्पन्न भई सञ्चालनमा आएको पनि स्थापितले बताए । उत्पादन भएको विद्युत २५ किलोमिटर टाढाको लामोसाँघु सबस्टेसनमा जोडिएको छ । भोटेकोसी नदीमा पानीको सतह कम हुँदा जडित क्षमताभन्दा कम विद्युत उत्पादन भएको हो । नेपाल विद्युत प्राधिकरणको प्राविधिक टोली गएर परीक्षण सुरु गरेपछि आयोजनाको विद्युत प्रसारण प्रणालीमा जोडिएको हो । २ साताको परीक्षणपछि आयोजनाले व्यावसायिक उत्पादन सुरु गर्ने कम्पनीले जनाएको छ । २०७१ को जुरे पहिरो, विनाशकारी भूकम्प र भोटेकोसी नदीमा आएको बाढीले आयोजनाको संरचनामा क्षति पुर्याउँदा उत्पादन बन्द भएको थियो । पहिरो, भूकम्प र बाढीले आयोजनाको बाँध, गेट, डिसेन्डर पर्खाल, पेनस्टक पाइप र विद्युतगृहमा क्षति पुर्याएको थियो । क्षतिग्रस्त सबै संरचनाको पुनर्निर्माण गरिएको छ । भूकम्पमा ढुङ्गा झरेर क्षतिग्रस्त पेनस्टक पाइप फेरिएको छ । जोखिमपूर्ण स्थानको पेनस्टक पाइप ढलान गरेर पुरिएको छ । विद्युतगृहका उपकरणको मर्मत गरिएको कम्पनीले जनाएको छ । आयोजनाको स्वीचयार्डमा २५/२५ एमभिएका दुई वटा नयाँ पावर ट्रान्सफर्मर जडान गरिएको छ । पुरानो ट्रन्सफर्मर काम नलाग्ने भएपछि नयाँ जडान गरिएको हो ।आयोजनाको पुनर्निर्माण चीनको सिनो हाइड्रो कम्पनीले गरेको हो । पुनर्निमाण सम्पन्न गर्न ७ अर्ब रुपैयाँ खर्च भएको कम्पनीले जनाएको छ । २०७१ यता पटक–पटक प्राकृतिक प्रकोपको मारमा परेको भोटेकोसीको विद्युत उत्पादन बन्द हुँदा साढे ४ वर्षको आम्दानी कम्पनीले गुमाएको छ । सरकारले विद्युत ऐन जारी गरेपछि निजी क्षेत्रलाई निर्माण गर्न दिएको भोटेकोसी दोस्रो आयोजना हो । २०५७ माघ ११ गतेबाट भोटेकोसीले विद्युत उत्पादन सुरु गरेको थियो । अहिले भोटेकोसी नेपाली समूहको स्वामित्वमा छ । पाण्डा इनर्जीले १३ वर्षअघि (सन् २००६० भोटेकोसीको सेयर बेचेको थियो । भोटेकोसीमा अहिले हिमाल इन्टरनेशनल इनर्जी, हिमाल इन्टरनेशनल पावर कर्पोरेशन, तारा फन्ड प्रालि र आरडिसीको सेयर छ । सरकारले यो आयोजनाका लागि ४० वर्षको अनुमतिपत्र जारी गरेको छ । विद्युत खरिद गर्न नेपाल विद्युत प्राधिकरणले अमेरिकी डलरमा विद्युत खरिद सम्झौता (पिपिए) गरेको छ । २०५३

साल (सन् १९९६० असारमा प्राधिकरणले भोटेकोसीसँग पीपीए गरेको थियो । प्राधिकरणसँग भएको डलर पीपीए विद्युत उत्पादन सुरु भएको मितिले (२०५७ माघ ११ गते) २५ वर्षका लागि मान्य हुने सम्झौता छ । सम्झौताअनुसार २०८२ साल (सन् २०२६) मा भोटेकोसीसँगको पीपीए स्वतः खारेज भइ पुर्नमूल्याङ्कन हुनेछ । र प्राधिकरणले भोटेकोसीको ५० प्रतिशत सेयर स्वामित्व पाउनेछ । सुरुवातमा ३६ मेगावाटका लागि अनुमति जारी गरिएको भोटेकोसीको क्षमता विस्तार गरेर ४५ मेगावाटको बनाइएको हो । २०६९ मा आयोजनाको क्षमता विस्तार गरिएको हो । भोटेकोसीबाट वार्षिक २९३.२ गिगावाट घन्टा विद्युत उत्पादन हुन्छ ।

श्रोत : **बिज खबर**, २०७६/८/२३

## पर्वतारोहण, खानी र जल वद्युत् भएका स्थानीय तह मालामाल

काठमाडौं । स्थानीय तहहरूले प्राकृतिक स्रोतको प्रयोगवापत्को राजस्वबाट आफ्नो हिस्सा पाएका छन् । महालेखा नियन्त्रक कार्यालयले आफ्नो तहमा भएको प्राकृतिक स्रोतबाट उठेको राजस्वमध्ये उनीहरूको भागमा परेको राजस्व तत् तत् स्थानीय तहको खातामा पठाएको हो ।

मन्त्रिपरिषद्ले सूत्र अनुमोदन गरेको एक महिनापछि महालेखाले शुक्रबार स्थानीय तहले सञ्चिति कोषमा आफ्नो भाग पाएका हुन् । प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार पारेको सूत्रबाट हिसाब गरेर महालेखा नियन्त्रकको कार्यालयले प्रदेश तथा स्थानीय तहको खातामा पठाएको हो ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघीय सरकारले उठाउने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क मासिक रूपमा प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने उल्लेख छ । राजस्व भने वार्षिक रूपमा जुन प्रदेश र स्थानीय तहबाट उठाइएको हो, सोही तहले मात्र प्राप्त गर्छन् । सोही व्यवस्थाअनुसार नयाँ आर्थिक वर्षको सुरुमै प्रदेश र स्थानीय तहले आफ्नो हिस्सा पाउनु पर्ने भए पनि सरकारले निर्णय गर्न ढिलाइ गर्दा तल्ला तहले मंसिर लागेपछि मात्र आफ्नो भाग पाएका हुन् ।

बाह्रखरीलाई प्राप्त प्रतिवेदनअनुसार पर्वतारोहणमार्फत् उठेको राजस्वबाट सबैभन्दा बढी हिस्सा खुम्बु पासङल्हामु गाउँपालिकाले पाएको छ । सर्वोच्च शिखर सगरमाथा रहेको यस स्थानीय तहमार्फत् गत वर्ष सबैभन्दा बढी राजस्व जम्मा भएको थियो । यसले ११ करोड ५० लाख रुपैयाँ आफ्नो हिस्सामा पाएको छ । खुम्बु पासाङल्हामुनजिकैको प्रभावित क्षेत्र मकालु गाउँपालिकाले १ करोड ११ लाख ६३ हजार रुपैयाँ प्राप्त गरेको छ । सगरमाथालगायत अन्य हिमाल नजिकै रहेको सोलुखुम्बुका सोलुदूधकुण्ड गाउँपालिकाले पनि १ करोड ७७ लाख १७ हजार रुपैयाँ पाएको छ ।

पर्वतारोहणमार्फत् उठेको राजस्वबाट सोही स्थानीय तह सबैभन्दा बढी लाभान्वित भएको हो ।

प्राकृतिक स्रोत तथा वित्त आयोगको बाँडफाँटको प्रतिवेदनका आधारमा मन्त्रिपरिषद्ले गरेको अनुमोदनमा प्राकृतिक स्रोत जुन स्थानमा छ सो स्थानलाई विशेष लाभसहित यसबाट प्रभावित हुने क्षेत्रलाई समेत समेटिएको छ ।

महालेखाले गरेको हिसाबअनुसार २९ वटा स्थानीय तहले मात्र १ करोड रुपैयाँभन्दा बढी राजस्व पाएका छन् । जसमध्ये माथिल्लो तामाकोशी जलविद्युत् आयोजना अवस्थित रहेको बिगु गाउँपालिकाले ८ करोड ८९ लाख १५ हजार ४ सय २ रुपैयाँ पाएको छ भने सोही आयोजना प्रभावित रामेछापको गोकुलगंगा गाउँपालिकाले ७ करोड ८७ लाख ३३ हजार २ सय ९७ रुपैयाँ पाएको छ । यसैगरी रामेछापको उमाकुण्ड गाउँपालिकले २ करोड ४२ लाख, रामेछापकै लिखु गाउँपालिकाले २ करोड ६० लाख र मन्थली नगरपालिकाले २ करोड ४६ लाख रुपैयाँ पाएका छन् ।

पर्वतारोहणबाट उठेको राजस्वबाट कुल १३ करोड ८३ लाख रुपैयाँ राजस्व बाँडफाँड भएको छ । पर्वतारोहण रोयल्टी स्रोतको सबैभन्दा सानो स्रोत हो । सबैभन्दा बढी ७४ करोड ७ लाख रुपैयाँ जलविद्युतबाट उठेको रोयल्टी बाँडफाँट भएको हो । यसैगरी राष्ट्रिय वनबाट उठेको २२ करोड ३६ लाख, संरक्षित वनबाट १७ करोड ५ लाख र खानी तथा खनिजबाट १५ करोड ४५ लाख गरी कुल १ अर्ब ४३ करोड ५ लाख रुपैयाँ बाँडफाँट भएको महालेखा परीक्षक कार्यालयले जानकारी दिएको छ ।

महालेखाका अनुसार ठूला जलविद्युत आयोजना तिर्ने गरेको रोयल्टी सबैभन्दा धेरै छ । गण्डकी प्रदेश तथा स्थानीय तह जलविद्युत्बाट बढी लाभिन्वत भएका छन् । उनीहरूको खातामा जलविद्युतमार्फत् करोडौं रकम पुगेको हो ।

बाँडफाँट अनुसार स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले ४ करोड ४४ लाख रुपैयाँ पाएको छ भने रेसुंगा नगरपालिकाले १ करोड ३२ लाख रुपैयाँ पाएको छ । यसैगरी सत्यवती गाउँपालिकाले २ करोड २३ लाख, गुल्मीको कालीगण्डकी गाउँपालिकाले २ करोड १ लाख, स्याङ्जाको गल्याङ नगरपालिकाः २ करोड ९७ लाख, मर्स्याङ्दी गाउँपालिकाः १ करोड ९९ लाख तथा पर्वतको एउटा स्थानीय तहले १ करोड ३३ लाख रुपैयाँ पाएका छन् ।

ती स्थानीय तहले पाएको रकममा जलविद्युतसँगै आफ्नो भूगोलमा परेका तथा नजिक रहेका अन्य प्राकृतिक स्रोतबाट उठेको रोयल्टीको हिस्सा समावेष छ ।

जलविद्युतबाट लाभान्वित हुनेमा काभ्रेको एउटा गाउँपालिकाले ३ करोड २९ लाख, रसुवाको दुईवटाले कुल २ करोड ६३ लाख, नुवाकोटको एउटाले ३ करोड ५५ लाख, गोरखाको पालुङटार नगरपालिकाले १ करोड १० लाख रुपैयाँ पाएको छ । कुलेखानी जलविद्युत अवस्थित इन्द्रसरोवर गाउँपालिकाले १ करोड २० लाख रुपैयाँ पाएको छ ।

यता चुनढुंगा खानी रहेको कटारी नगरपालिकाले १ करोड ७३ लाख ७९ हजार रुपैयाँ पाएको छ भने नजिकै रहेको दुधौली नगरपालिकाले १ करोड २२ लाख रुपैयाँ पाएको छ । हेटौंडामा रहेका सिमेन्ट उद्योगहरूको चुनढुंगा खानी रहेको भीमफेदी गाउँपालिकाले २ करोड ७५ लाख तथा मकवानपुरगढी गाउँपालिकाले १ करोड ९७ लाख पाएको छ । यसैगरी बंगलाचुली गाउँपालिकाले १ करोड ५६ लाख, निस्दी गाउँपालिकाले २ करोड ५३ लाख तथा तिनाउ गाउँपालिकाले २ करोड ७९ लाख रुपैयाँ पाएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जको प्रभावित क्षेत्र माडी नगरपालिकाले १ करोड १० लाख रुपैयाँ पाएको छ ।

प्राकृतिक स्रोत सम्पन्न रहेका स्थानीय तह मालामाल हुँदा केही स्थानीय तह भने खाली हात रहेका छन् । पाँच हजारभन्दा कम पाउने स्थानीय तहमा धादिङको गल्छी गाउँपालिकालगायत छन् । गल्छीले १ हजार २ सय ५० रुपैयाँ पाएको छ । यसैगरी दसरथचन्द गाउँपालिकाले १ हजार ५ सय रुपैयाँ, सुर्नया गाउँपालिकाले ४ हजार ३ सय ५७ तथा जुम्लाको एउटाले ४ हजार ५ सय ६५ र अर्कोले २ हजार ५ सय ६५ रुपैयाँ पाएको महालेखा नियन्त्रक कार्यालयले जानकारी दियो ।

महालेखा प्रवक्ता रमेशप्रसाद शिवाकोटीका अनुसार स्थानीय तहको हिस्सा बाँडफाँटको काम सकिएको छ । उनका अनुसार ५ हजार रुपैयाँभन्दा कम रोयल्टी बाँडफाँट हिस्सा पाउने स्थानीय तहले शुक्रबारै आफ्नो खातामा राजस्व प्राप्त गरेका हुन् ।

बाँडफाँट भएको रकममा ५ हजार ८ सय मिटरदेखि ६ हजार ५ सय मिटर अग्ला हिमाल आरोहबाट उठेको ११ करोड रुपैयाँ राजस्व समावेश छैन । मन्त्रिपरिषद् निर्णयअनुसार यस्ता २७ हिमालबाट नेपाल पर्वतारोहण संघले राजस्व उठाउँछ । संघले उठाएको राजस्व पौने १३ करोड रुपैयाँ रहेको प्रवक्ता शिवाकोटीले बताए ।
कात्तिक १८ गते संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका आधार, सीमा, मार्गदर्शन, विधि र हिस्सा मन्त्रिपरिषद्बाट स्वीकृत गरेपछि तल्ला तहले पाउने आफ्नो भागको हिसाबकिताब हुने भएको हो ।

संघीय व्यवस्था लागू भएपछि गरिएको संवैधानिक व्यवस्थामा संघीय सरकारले उपलब्ध गराउने अनुदानबाहेक प्रदेश र स्थानीय तहले उठाउने केही राजस्व आफू–आफूले उठाउन र सोही अनुसार परिचालन गर्न पाउने उल्लेख छ भने केही राजस्व भने बाँडफाँट हुने व्यवस्था छ । बाँडफाँट हुने

राजस्वमध्ये संघीय सरकारले उठाउने मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क (आयात गरिएको बाहेक) र पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट संकलन भएको राजस्व (रोयल्टी) प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था छ ।

प्राकृतिक स्रोत तथा वित्त आयोगले अघिल्लो आर्थिक वर्षमै बाँडफाँटको आधार तयार पारेको थियो । आयोगले तयार पारेको सूत्र मन्त्रिपरिषद्बाट अनुमोदन नहुँदा प्रदेश तथा स्थानीय तहले प्राकृतिक स्रोतबाट उठेको राजस्वको भाग पाएका थिएनन् । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा विद्युत, खानी तथा खनिजजन्य, पर्वतारोहण, वन, पानी र अन्य प्राकृति स्रोतबाट प्राप्त हुने रोयल्टी भने वार्षिक रूपमा जुन प्रदेश र स्थानीय तहबाट उठाइएको हो, सोही तहले मात्र प्राप्त गर्ने व्यवस्था छ ।

रोयल्टीबाट संकलन भएको राजस्व समेत सो कोषमा जम्मा हुने, सो रकमको ५० प्रतिशत संघले प्राप्त गर्ने तथा २५ प्रतिशत सम्बन्धित प्रदेशमा तथा २५ प्रतिशत सम्बन्धित स्थानीय तहमा बाँडफाँट हुने उल्लेख छ ।

प्रदेश सञ्चित कोषमा प्राप्त हुने रकम प्रदेशहरूको जनसंख्या तथा जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकांक, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्थालाई आधार मानेर तयार गरिएको मानव विकास सूचकांक, मानव गरिबी सूचकांक, पूर्वाधार सूचकांक र न्यून विकास सूचकांकका आधारमा बाँडफाँट हुन्छ ।

आयोगले पाँच वर्षका लागि प्राकृतिक स्रोतबाट उठेको राजस्व बाँडफाँटको आधार तथा ढाँचा बनाउँछ । तर, सरकारले अनुरोध गरे सोसमय अगावै सूत्रको पुनरावलोकन गर्न सक्छ ।